
# लेखापरीक्षण प्रतिवेदन

# गौशाला नगरपालिका, महोत्तरी

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गौशाला नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/367

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
गौशाला नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
महोत्तरी।

## कैफियतसहितको राय

हामीले गौशाला नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वार्षिक प्रतिवेदनले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २५ करोड ८३ लाख ९० हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १ करोड ९३ लाख ९० हजारको, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ४४ लाख २ हजार र पर्यटन पूर्वाधार निर्माणको रु. ६१ लाख ३८ हजार समेत गरी रु. २८ करोड ८३ लाख २० हजार समावेश गरेको छैन।

२. नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू. २६ करोड ९२ लाख ६ हजार, समपूरक अनुदान रू. १९ लाख ५० हजार र विशेष अनुदान रू. २ करोड १८ लाख २ हजार समेत रू. २९ करोड २९ लाख ५८ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. ४ करोड २६ लाख २० हजार बचत रहेको छ । उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

३.नगरपालिकाको लागि प्रदेश सरकारबाट विशेष अनुदान रू.३० लाख प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. १ लाख ८२ हजार बचत रहेको छ । उक्त रकम प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ ।

४.गौशाला नगरपालिकाको रु. १ अर्ब ९३ करोड ८४ लाख २८ हजार लेखापरीक्षण गरिएकोमा रु. ८ करोड ८५ लाख ९५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १ लाख ३६ हजार प्रतिक्रियाबाट फस्योंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ६८ लाख २९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड २१ लाख १५ हजार, नियमित गर्नुपर्ने रु. ४१ लाख ५० हजार र पेस्की बाँकी रु. ३ करोड ५३ लाख ६५ हजार समेत यस वर्ष रू. ८ करोड ८४ लाख ५९ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु. ६२ करोड ३१ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फछ्र्यौट एवं कायम बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ७० करोड ५१ लाख ४१ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ।**

५.नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वार्षिक प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३९ | ८६ | ५,३२,२९,४६० | ० | १ | १,३६,१६५ | ३,५३,६५,२७६ | ३९ | ८५ | ८,८४,५८,५७१ | ६८,२८,९५७ | ४१,४९,९०७ | ४,२१,१४,४३१ | ० | ० | ४,६२,६४,३३८ | ३,५३,६५,२७६ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महोत्तरी | ६२,३१,७९,००० | ० | ६४,९६,९०० | ६१,६६,८२,१०० | ० | ८,८४,५८,५७१ | ७०,५१,४०,६७१ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३२ | खर्च पुष्टयाईको प्रमाण | १,३६,१६५ |
| २ | २०७९/८० | ४९ | दाखिला र वितरण भरपाई | ३,२२,५०० |
| ३ | २०७८/७९ | ५२.३ | शिक्षातर्फ | १,९७,४०० |
| ४ | २०७७/७८ | ३५.१ | पेश्की : | ५९,७७,००० |
| जम्मा | | | | ६६,३३,०६५ |

# (८०२१८४०१३०० - गौशाला नगरपालिका, महोत्तरी )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :**-स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल १४४.७३ वर्ग किलोमिटर तथा १००६०२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।११ देखि २०८१।०५। १५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**- कार्यालयको आय रु.९६,५०,५६,९०७।२ र व्ययतर्फ रु.९७,३३,७०,७७६।०२ समेत जम्मा रु.१,९३,८४,२७,६८३।२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :**- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १७३२९८।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | वडा नं १, ५ र ९ को दाखिला गर्न बाँकी राजस्व लेखापरीक्षणको क्रममा दाखिला भएको | १०२८३५ |
| २ | लघु उद्यम तालिमबाट उत्पादित सामाग्री विक्री वापत प्राप्त रकम दाखिला भएको | ५००० |
| ३ | गैह्र सरकारी संस्थारुलाई तालिम संचालन वापत भुक्तानी दिंदा घटी कर कट्टी गरेको रकम लेखापरीक्षणमा औंल्याएपछि असुल भई दाखिला भएको<br>सहानुभुती नेपाल : ५५००<br>प्रगतिशील जन उत्थान नेपाल संस्था : ७५०<br>मानव उद्धार सेवा केन्द्र : ११२५०<br>ओएसिस नेपाल : १३३२०<br>मानव उद्धार सेवा केन्द्र : ४१९५ | ३५०१५ |
| ४ | गैह्र सरकारी संस्थारुलाई तालिम संचालन वापत भुक्तानी दिंदा घटी कर कट्टी गरेको रकम लेखापरीक्षणमा औंल्याएपछि असुल भई दाखिला भएको<br>जलेश्वर युवा कमिटि : २८३०<br>ज्ञानदीप समाज उत्थान संस्था : ७४२५<br>नागरिक जनचेतना अभियान नेपाल : १०५१८ | २०७७३ |
| ५ | गैह्र सरकारी संस्थारुलाई तालिम संचालन वापत भुक्तानी दिंदा घटी कर कट्टी गरेको रकम लेखापरीक्षणमा औंल्याएपछि असुल भई दाखिला भएको | ९६७५ |
| | जम्मा | १७३२९८।- |

## २ लेखापरीक्षण

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

## ३ वित्तीय विवरणको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म. ले. प. फा नं २७० (प्राप्ति भुक्तानी हिसाव) र कार्यालयबाट पेश भएको एकिकृत आयव्यय विवरणको संक्षिप्त स्थिति

निम्नानुसार रहेको छ :

**स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २७०**

| विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|
| राजस्व अनुदान र अन्य प्राप्ति | नगद | जम्मा | नगद | जम्मा |
| कर | १६५२८१९७४.२० | १६५२८१९७४.२० | १५१५९२८३२.८० | १५१५९२८३२.८० |
| अनुदान | ४२९२२८०८९.४५ | ४२९२२८०८९.४५ | ४८९६९३७६४.५४ | ४८९६९३७६४.५४ |
| अन्य राजस्व | ४००६०८३६.०० | ४००६०८३६.०० | ४१२६७०९३.६९ | ४१२६७०९३.६९ |
| विविध प्राप्ति | २४२४८८.०० | २४२४८८.०० | ६९०००००.०० | ६९०००००.०० |
| कुल जम्मा प्राप्ति | ६३४८१३३८७.६५ | ६३४८१३३८७.६५ | ६८९४५३६९१.०३ | ६८९४५३६९१.०३ |
| चालु | ४२४२२३७५९.९३ | ४२४२२३७५९.९३ | ४००९७८०७९.५० | ४००९७८०७९.५० |
| पारिश्रमिक / सुविधा | २७२०७८६३९.६८ | २७२०७८६३९.६८ | २४५९१९९३६.०० | २४५९१९९३६.०० |
| मालसामान तथा सेवाको उपयोग | ११०७२१३४८.४५ | ११०७२१३४८.४५ | १३९०७५३२५.६० | १३९०७५३२५.६० |
| सहायता (Subsidy) | १८४०१४८२.०० | १८४०१४८२.०० | ५०००००.०० | ५०००००.०० |
| अनुदान | २८१८०००.०० | २८१८०००.०० | ०.०० | ०.०० |
| सामाजिक सुरक्षा | १६९४९६९१.८० | १६९४९६९१.८० | १२९७८०४३.४० | १२९७८०४३.४० |
| अन्य खर्च | ३२५४५९८.०० | ३२५४५९८.०० | २५०४७७४.५० | २५०४७७४.५० |
| पूंजीगत | २१८१८६३६०.९२ | २१८१८६३६०.९२ | २०६७८९४६०.८३ | २०६७८९४६०.८३ |
| भवन तथा संरचना | ६५२३८३०५.०४ | ६५२३८३०५.०४ | ८६९८६७९९.८६ | ८६९८६७९९.८६ |
| सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | १४८१७०२२.३८ | १४८१७०२२.३८ | ९०६९७५२.९२ | ९०६९७५२.९२ |
| अन्य पूँजीगत खर्च | २९९१४००.०० | २९९१४००.०० | ०.०० | ०.०० |
| सार्वजनिक निर्माण | १२५३२७१४६.६९ | १२५३२७१४६.६९ | ५९९९५३२८.४९ | ५९९९५३२८.४९ |
| निर्मितसरचनाको सुधार खर्च | ३९६८०९९.१३ | ३९६८०९९.१३ | ६८०९८९०.१० | ६८०९८९०.१० |
| पूँजीगत सुधार खर्च | ५८४४३८७.६८ | ५८४४३८७.६८ | ४३९२७६८९.४६ | ४३९२७६८९.४६ |
| कुल जम्मा भुक्तानी | ६४२४१०१२०.८५ | ६४२४१०१२०.८५ | ६०७७६७५४०.३३ | ६०७७६७५४०.३३ |
| बचत /कमी (ग = क-ख ) | -७५९६७३३.२० | -७५९६७३३.२० | ८१६८६१५०.७० | ८१६८६१५०.७० |
| धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ७०८८४१७.८१ | ७०८८४१७.८१ | १९३०७६९.५६ | १९३०७६९.५६ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -६२९७६९.४७ | -६२९७६९.४७ | -१३१०.६७ | -१३१०.६७ |
| यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -५०८३१५.३९ | -५०८३१५.३९ | ८३६१६९२०.२६ | ८३६१६९२०.२६ |
| गत आ.व.को नगद तथा बैंक मौज्दात | २७२९६०८४२.११ | २७२९६०८४२.११ | १९५८०४६९५.८५ | १९५८०४६९५.८५ |
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २७२४५२५२६.७२ | २७२४५२५२६.७२ | २७९४२१६१६.११ | २७९४२१६१६.११ |

**कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरण**

| विवरण | शिर्शक | आम्दानी | जम्मा | शिर्षक | खर्च | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | गत बर्षको जिम्मेवारी | | २७९४५१६१५.५७ | जम्मा खर्च | | ६४३५३३७३१.४७ |
| | बैंक मौज्दात अन्तरीक स्रोत (सं कोष) | २४३५२२१८९.१४ | | चालु खर्च | ४२४२२३७५९.९३ | |
| | धरौटी खाता | १८३७७०३४.८२ | | पुजिगत खर्च | २१९३०९९७१.५४ | |
| | प्रकोप व्यवस्थापन कोष | ४४६८३१४.१५ | | अनुदान फिर्ता (080/081) | | ३३५७४२६३.९९ |
| | विविध खर्च खाता | ५४३८५१४.४६ | | संघिय सशर्त,समपुरक र विषेश फिर्ता | ३३३९२२६३.९९ | |
| | कर्मचारी कल्याण कोष खाता | ११८४७८९.०० | | प्रदेश सशर्त र समपुरक फिर्ता | १८२०००.०० | |
| | विभाज्य कोष | ६४६०७७४.०० | | पर्यटन पुर्वाधार | ६१३७८००.०० | ६१३७८००.०० |
| 2 | राजश्व वाँडफाँड | | १६२१२४११९.११ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४४०२०८७.९६ | ४४०२०८७.९६ |
| | राजश्व वाडफाड प्रदेश सरकार | १७८७०५४९.०० | | स्वास्थ्य पूर्वाधार निर्माण | १९३९०४०१.९२ | १९३९०४०१.९२ |
| | राजश्व वाडफाड स्थानीय सरकार | २१९९३४८२.१९ | | प्रकोप व्यवस्थापन कोष | ९३०३००.०० | ९३०३००.०० |
| | राजश्व वाडफाड संघीय सरकार | १२२२६००८७.९२ | | धरौटी खाता | ५९८५०७६.२० | ५९८५०७६.२० |
| 3 | संघिय अनुदान | | ४३८५९६३५०.०० | विविध खर्च खाता | ७२६६००.०० | ७२६६००.०० |
| | संघीय वित्तिय समानिकरण अनुदान | १४५६३८०००.०० | | सामाजिक सुरक्षा | २५८३९०५१४.०० | २५८३९०५१४.०० |
| | संघीय सशर्त अनुदान चालु | २५३५४१३५०.०० | | कर्मचारी कल्याण कोष खाता | ३०००००.०० | ३०००००.०० |
| | संघीय सशर्त अनुदान पुजीगत | १५६६५०००.०० | | जम्मा खाता अनुसार बैक मैज्दात | | २७११३७७४६.७५ |
| | संघीय विषेश अनुदान | २१८०२०००.०० | | बैंक मौज्दात अन्तरीक स्रोत (सं कोष) | २३५०६५२७०.०० | |
| | संघीय समपुरक अनुदान | १९५००००.०० | | विविध खर्च खाता | ४७१३२२५.१३ | |
| 4 | प्रदेश सरकार अनुदान | | १४८८३०००.०० | धरौटी खाता | २०४७५६४७.४७ | |
| | प्रदेश वित्तिय समानिकरण अनुदान | ११८८३०००.०० | | प्रकोप व्यवस्थापन कोष | ३५३८०४१.१५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रदेश विषेश | ३००००००.०० | | कर्मचारी कल्याण कोष खाता | ८८४७८९.०० | |
| 5 | आन्तरिक स्रोत | ५५०९२५५७.८७ | ५५०९२५५७.८७ | विभाज्य कोष | ६४६०७७४.०० | |
| ६ | स्वास्थ्य पूर्वाधार निर्माण | १९३९०४०१.९२ | १९३९०४०१.९२ | | | |
| ७ | पर्यटन पुर्वाधार | ६१३७८००.०० | ६१३७८००.०० | | | |
| ८ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४४०२०८७.९६ | ४४०२०८७.९६ | | | |
| ९ | धरौटी खाता | ६०४००७६.३४ | ६०४००७६.३४ | | | |
| १० | विविध खर्च खाता | ०.०० | ०.०० | | | |
| ११ | सामाजिक सुरक्षा | २५८३९०५१४.०० | २५८३९०५१४.०० | | | |
| १२ | कर्मचारी कल्याण कोष खाता | ०.०० | ०.०० | | | |
| | जम्मा | १२४४५०८५२२.७७ | १२४४५०८५२२.७७ | जम्मा | १२४४५०८५२२.२९ | १२४४५०८५२२.२९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय विवरणको विश्लेषण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **सञ्चित कोषमा स्थानान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.४,८१,०९,०२९।९६, पुँजीगत खातामा रु.७,६७,८३,०२१।७७, आन्तरिक राजस्व खातामा रु.४१७५७१५५।८७, राजस्व बाँडफाँड खातामा रु.४,६६,५४,७४१।९२ र आन्तरिक अनुदान खातामा रु.३,९७,०८,०००।०० समेत रु.२५,३०,११,९४९।२२ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम स्थानीय सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

४.२ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २३५०६५२७०.०० | २३७९७११०.५८ | -२११२६८१५९.४० |
| चालु खर्च खाता | ०.०० | ४००७१५८.२३ | ४००७१५८.२३ |
| पुँजीगत खर्च खाता | ०.०० | ७६७८३०२१.७७ | ७६७८३०२१.७७ |
| विविध खर्च खाता | ४७१३२२५.०० | ५०९४२२५.११ | ३८१०००.११ |
| विपद व्यवस्थापन खाता | ३५३८०४१.०० | ०.०० | -३५३८०४१.०० |
| स्थानीय विभाज्य कोष | ६४६०७७४.०० | ०.०० | -६४६०७७४.०० |
| कर्मचारी कल्याण कोष खाता | ८८४७८९.०० | ०.०० | -८८४७८९.०० |
| धरौटी | २०४७५६४७.०० | १९९८८९९३.५८ | -४८६६५३.४२ |
| ग१.१, आन्तरिक राजस्व खाता | ०.०० | ४१७५७१५५.८७ | ४१७५७१५५.८७ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ४६६५४७४१.९२ | ४६६५४७४१.९२ |
| आन्तरिक अनुदान खाता | ०.०० | ३९७०८०००.०० | ३९७०८०००.०० |
| जम्मा | २७११३७७४६.०० | २५७७९०४०७.१० | -१३३४७३३८.९४ |

उपरोक्तानुसार स्रेस्ता अनुसारको एकिकृत आर्थिक विवरण बमोजिम अन्तिम मौज्दात २७११३७७४७।०० देखिएकोमा बैंक विवरण अनुसार बैंक मौज्दात रु.२५७७९०४०७।०० देखिएकोले बैंकमा रु.१३३४७७३३९।०० घटी देखिन आएकोले घटी रकमको सम्बन्धमा यकिन गरी हिसाव मिलान हुनुपर्ने देखिएको रु......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३३,४७,३३८ |

४.३ **कर दायित्व :**पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.५६५६५१।३९ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६५,६५१.३९ |

४.४ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६४९०७७३।४६ , यस वर्षको प्राप्ति रु.३३०२४३५१९।५५,यस वर्षको भुक्तानी रु.३३०९६०६५४।६९ र बैङ्क मौज्दात रु.१३१४७७९।७२फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | २७२९६०८४२.११ | ६३४८१३३८७.६५ | ६४२४१०१२०.८५ | २७२४५२५२६.७२ |
| एकीकृत आर्थिक विवरणअनुसार | २७९४५१६१५.५७ | ९६५०५६९०७.२ | ९७३३७०७७५.५४ | २७११३७७४७. |
| फरक | -६४९०७७३.४६ | -३३०२४३५१९.५५ | -३३०९६०६५४.६९ | १३१४७७९.७२ |

४.५ **वित्तीय विवरणको यथार्थता** : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२५,८३,९०,५१४।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१९३९०४०१।९२, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.४४०२०८८।०० र पर्यटन पूर्वाधार निर्माणमा रु.६१३७८००।०० समेत गरी रु.२८८३२०८०४।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ५ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन । नगरपालिकाबाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मूख गराउन, वित्तीय जोखिम न्यूनीकरण गर्न एवं वित्तीय विवरणलाई विश्वसनीय बनाई बिकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्न उपयुक्त तवरको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको छैन ।

• निर्माण व्यवसायी वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नाप गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी म. ले. प. फा. नं. ५०६ र ५०७ मा ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्ययन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वियन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा अनुगमन प्रतिवेदन पेश गरेको पाईएन । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ६ त्रैमासिक पूँजिगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम १८ बमोजिम स्वीकृत भएको कार्यक्रम तथा बजेट प्राप्त गरी नियम १९ बमोजिम कार्यन्वयन गरी त्रैमासिक प्रगति विवरण तयार गरी पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा कमी आउन सक्ने, अनुगमन कमजोर हुन सक्ने र त्यसको समग्र असर योजनाको गुणस्तरीयता र प्रभावकारीतामा पर्न सक्ने हुनाले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक खर्च | दोस्रो त्रैमासिक खर्च | तेश्रो त्रैमासिक खर्च | चौथो त्रैमासिक खर्च | आषाढ महिनाको खर्च |
| १ | पूँजिगत खर्चतर्फ | २१९३१० | ५४९४४ | १००१३ | २०२५४ | १३४०९९ | १००९१५ |
| | प्रतिशत | १०० | २५.०५ | ४.५७ | ९.२३ | ६१.१५ | ४६.०१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२१ करोड ९३ लाख १० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.५ करोड ४९ लाख ४४ हजार अर्थात २५.०५ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.१ करोड १३ हजार अर्थात ४.५७ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.२ करोड २ लाख ५४ हजार अर्थात ९.२३ प्रतिशत र चौथो त्रैमासिकमा रु. १३ करोड ४० लाख ९९ हजार अर्थात ६१.१५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ९ लाख १५ हजार अर्थात ४६.०१ प्रतिशत खर्च देखिएको छ । आषाढमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलन हुने गरी खर्च कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

## ७ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी दिगो विकास र वातावरण संरक्षण एवं भाषिक र सांस्कृतिक विकास गर्ने उल्लेख गरेको छ । सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडाको लागि वडास्तरका १५० र पालिकास्तरका १४९ गरी कुल २९९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १४९ | २४ | ९० | ३५ |
| २ | वडास्तरीय | १५० | ३ | ८१ | ६६ |
| जम्मा | | २९९ | २७ | १७१ | १०१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१८ योजनामात्र कार्यान्वयन भई ८१ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजना प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ८ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०८०।३।३१ गते रु.९९ करोड ३० लाख ५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।

४।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनुपर्दछ ।

**९ क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

| क्षेत्र | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ११२८४२ | ४३८८४ | ४.४२ |
| सामाजिक विकास | ४२६२६५ | ३२३९९४ | ३२.६१ |
| पूर्वाधार विकास | २६८१२५ | १५३५१२ | १५.४५ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ११६१९ | ५२१२ | ०.५२ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १७४७९६ | ११६९३१ | ११.७७ |
| जम्मा | ९९३६४७ | ६४३५३३ | ६४.७६ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३२.६१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ०.५२ प्रतिशत खर्च भएको छ ।

**१० खर्चको विश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४,३६,५४,४३५।०७, राजस्व बाँडफाँड र अनुदानबाट रु.६१,५६,०३,४६९।०० समेत रु.६५,९२,५७,९०४।०० आम्दानी भएकोमा चालु तर्फ रु.४२,४२,२३,७५९।९३ र पूँजिगत तर्फ रु.२१,९३,०९,९७२।०० समेत रु. ६४,३५,३३,७३१।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.७८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१,१५,९५,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको २६.५६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.९१ प्रतिशत चालु र ३५.६२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**११ नाम नामेसी नखुलेको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको कारोबारको लेखा तोकिएको ढाँचामा गोश्वारा खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले धरौटी खातामा गत विगत वर्षको बैंक स्टेटमेन्ट अनुसार मौज्दात रहेको रु. १,८३,७७,०३४।८२ जिम्मेवारी सार्दा व्यक्तिगत धरौटी खाता अनुसार नामनामेसी खुलाई अल्या गर्नुपर्नेमा आंशिक व्यक्ति तथा फर्मको नामनामेसी अल्या गरेको देखिएता पनि नामनामेसी नखुलेको रकम रु. ६०,३२,१४७.५० एकमुष्ट जिम्मेवारी सारेको देखिन्छ । धरौटी अल्या गर्दा नाम नामेसी नखुलाई अल्या गरेको धरौटीको सम्वन्धमा यकिन गरी प्रयोजन समाप्त भएको र नामनामेसी नखुलेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिमको प्रक्रिया पुरा गरी धरौटी रकम सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

**१२ आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको समेत देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १३ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१२,४०,०००।०० आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ । आर्थीक सहायता पाउनेको केही उदाहरण निम्नानुसार छ :

| गो भौ नं | आर्थिक सहायता पाउनेको नाम | रकम |
|---|---|---|
| ६१७।२०८१।२।१७ | चैत्री दुर्गा पूजा मेला समिति | ११७५७१ |
| ६३१।२०८१।२।७ | रामलाल चौधरी | ३०००० |
| ६३१।२०८१।२।७ | सुकनी देवी तेलीन | ३०००० |
| ६३१।२०८१।२।७ | राम दुलारी देवी | २५००० |
| ६३१।२०८१।२।७ | लालमाया लुमरे | २०००० |

## १४ गत वर्षको दायित्व

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष नगरपालिका चालु र पूँजीगतमा जम्मा रु.४१,३२,९४,७७२।०० खर्च लेखेकोमा यो वर्षको बजेटलाई थप भार पर्ने गरी निम्नानुसार नगरपालिका चालु र पूँजिगत तर्फका कार्यक्रममा रु.५,१९,८६,१२२।०० गत आर्थिक वर्षको भुक्तानी दिन बाँकी दायित्वको रकम भुक्तानी गरेको छ । जुन खर्च नगरपालिका चालु र पूँजीगत खर्चको १२.५७ प्रतिशत हुन्छ । यस प्रकार अगामी आर्थिक वर्षको बजेटलाई थप भार पर्ने गरी दायित्व सृजना नगर्ने नगराउने तर्फ नगरपालिका व्यवस्थापनले ध्यान दिनुपर्ने देखियो । सालवसाली रुपमा बजेट तथा कार्यक्रम पारित हुने र सोही वर्षको बजेट खर्चबाट लक्षित समूहमा बजेटको प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्ने देखिन्छ ।

| नगरपालिका चालु खर्च तर्फ | | नगरपालिका पूँजिगत खर्च तर्फ | | जम्मा |
|---|---|---|---|---|
| कार्यक्रम संख्या | खर्च रकम | कार्यक्रम संख्या | खर्च रकम | |
| 12 | ८०१७०२९.८० | ४५ | ४३९६९०९२.७७ | ५१९८६१२२.५७ |

## १५ कानून कार्यान्वयन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ४ वटा नियमावली, ३९ कार्यविधि लगायत ४९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । कार्यपालिकाबाट स्वीकृत उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

## १६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३६ र यो बर्ष थप भएको २६ गरी कुल ६२ विवाद दर्ता भएकोमा कुनै पनि निवेदन/उजुरी फछर्यौट गरेको देखिएन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १७ नन्फाईलर -

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले भगत ग्रुप-विजय सिर्जना जे भी (६१९३४४७७३) लाई निगौल माध्यमिक विद्यालयको भवन निर्माणको लागि रु २७१९७६८।०० मुल्य अभिवृद्धी कर समेत रु २३६४१०५५।०० भुक्तानी भएकोमा उक्त फर्मलाई २०८० कार्तिकदेखि लेखापरीक्षण अवधिसम्म पनि यो फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइएकोले मूल्य अभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,१९,७६८ |

१८ **अधुरा खरिद सम्झौता** -

१८.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौत गर्नेले सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा निजसँग सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने र दफा ६३ मा कालोसूचीमा राख्न लेखी पठाउनुपर्ने व्यवस्था छ। तोकिएको अवधिभित्र ठेक्काको कार्यसम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप हुँदा पनि कार्यसम्पन्न नगरी पालिकाले रू. ३०१४६५६१।४५ मा ५ वटा खरिद सम्झौता गरी सोको रु ८९६६०९१।२१ भुक्तानी भई २९.७४ प्रतिशत मात्र वित्तीय प्रगति भएकोले ५ योजनाहरू अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरूले सम्झौताअनुसार काम सुरु नगर्ने, कामको प्रगति नगर्ने र बीचमा कार्य छाड्ने गरेका कारण अधुरा ठेक्काहरूको सङ्ख्या र समयावधि बढ्दै गएको छ। प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ ।

| ठेक्का नं | योजना | निर्माण व्यवसायी | निर्माण अवधि | सम्झौता रकम (मु अ कर तथा पि एस बाहेक) | भुक्तानी रकम | कार्यसम्पादन जमानत जफत रकम | पेश्की जफत रकम |
|---|---|---|---|---|---|---|---|
| GAU/NCB/7-2078/079 | Construction of Blacktop Road (Buddha chaouk to bhajan majhara house) | ब्रदर्स कन्स्ट्रक्सन ६०७५०३०४५ | २०७८।११।०६-२०७९।०३।०६ | 10,776,948.50 | 6359530.26 | 540,000.00 | 2154000 |
| GAU/NCB/3-2078/079 | Construction of Black Road Khalte bajar, Bhantabari to barerawa | ब्रदर्स कन्स्ट्रक्सन ६०७५०३०४५ | २०७८।११।०६-२०७९।०३।०६ | 3,615,625.00 | 1201631.88 | 1,460,000.00 | 755000 |
| GAU/NCB/2-2078/079 | Construction of Culvert & Black Road (Zero mile to Zenis & kushandi | ब्रदर्स कन्स्ट्रक्सन ६०७५०३०४५ | २०७८।११।०६-२०७९।०३।०६ | 4,768,768.25 | 1215872.61 | 1,880,000.00 | 995000 |
| GAU/NCB/1-2078/079 | Construction of Culvert & Black Road (Way of office Building) | ब्रदर्स कन्स्ट्रक्सन ६०७५०३०४५ | २०७८।११।०६-२०७९।०३।०६ | 3,575,513.70 | 0 | 1,400,000.00 | 714000 |
| GAU/NCB/4-2078/079 | Construction of Culvert & Black Road (Kantibazar to shiv bhakti through Imli Bazar) | स्काई लाईन कन्स्ट्रक्सन प्रा लि ६०६७०३८२८ | २०७८।१०।२६-२०७९।०२।२६ | 7,409,706.00 | 189,056.46 | 2,925,000.00 | 1480000 |
| | जम्मा | | | 30,146,561.45 | 8,966,091.21 | 8,205,000.00 | 6,098,000.00 |

१८.२

पालिकाबाट सञ्चालित योजना ठेक्का नं GAU/NCB/7-2078/079 अन्तर्गत बुद्ध चौक देखि भजन महराको घरसम्म कालोपत्रे गर्ने कार्यको निर्माण व्यवसायीसँगको खरिद सम्झौता मिति २०८०।१०।२६ गतेको कार्यपालिकाको निर्णयले रद्द गरिएकोले खरिद सम्झौतामा राखेको कार्यसम्पादन जमानत वापत जफत गरिएको रु ५४००००।०० तथा पेश्की रु २१५४०००।०० समेत रु २६९४०००।०० पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको देखिएकोले उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला हुनुपर्दछ रु............

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,९४,००० |

१९ **खरिद सम्झौताको म्याद थप** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने तथा सोही नियमावलीको नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने उल्लेख छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले शुशान्त कन्स्ट्रक्सन (६१९५९८९०१) संग मिति २०८०।०४।३१ सम्म कृषि विद्युतिकरणको लागि एल टी लाईन एक्स्टेन्सनको काम सम्पन्न गर्ने गरी मिति २०८०।०२।०२ गते रु ५५३४३०६।६५(मु अ कर समेत) मा सम्झौता गरेकोमा दोस्रो रनिङ्ग बिलसम्म रु.३५७०५७०।००(मु अ कर समेत) भुक्तानी भएकोमा तोकेको समयमा कार्य सम्पन्न नगरी पालिकाले म्याद थप गर्नु अगाडि म्याद थप गर्नुपर्ने सम्बन्धमा विश्लेषण नगरी दुई पटक गरी मिति २०८१।०३।१५ सम्मको लागि म्याद थप भएपनि लेखापरीक्षणको मिति २०८१।०५।१५ सम्म निर्माण कार्य अधुरै रहेको देखियो तथा म्याद थप समेत नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति प्रतिदिन ०.०५% को दरले असुल गरी संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।


२० **कृषि उपज केन्द्र निर्माण** -

२०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गरी निर्माण प्रकृया प्रारम्भ गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी श्री साङ्ग दोर्जे निर्माण सेवा प्रा लि (६०६८७३९१०)सँग मिति २०८१।५।०७ सम्म कृषि उपज केन्द्र निर्माण कार्यसम्पन्न गर्ने गरी मिति २०७९।११।११ गते रू. ७८१३४३७७।००(मू.अ.कर बाहेक) मा सम्झौता भएकोमा दोस्रो रनिङ्ग बिलसम्म रु. २१७६०५३७।२६(मू.अ.कर समेत) भुक्तानी भईसकेको भएपनि हालसम्म पालिकाले उक्त कृषि उपज केन्द्र निर्माण कार्यको १५०० वर्ग मिटर जगा अधिग्रहण गर्न बाँकी रहेको छ । तोकिए बमोजिम जगा अधिग्रहणको कार्यसम्पन्न गर्नुपर्दछ ।

२०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।पालिकाले निर्माण व्यवसायी श्री साङ्ग दोर्जे निर्माण सेवा प्रा लि (६०६८७३९१०)सँग मिति २०८१।५।०७ सम्म कृषि उपज केन्द्र निर्माण कार्यसम्पन्न गर्ने गरी मिति २०७९।११।११ गते रू. ७८१३४३७७।००(मू.अ.कर बाहेक) मा सम्झौता भएकोमा दोस्रो रनिङ्ग बिलसम्म रु. २१७६०५३७।२६(मू.अ.कर समेत) भुक्तानी भएकोमा निर्माण व्यवसायीसँग खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन ।उक्त निर्माण कार्य लेखापरीक्षणको मिति २०८१।०५।१५ सम्म निर्माण कार्य अधुरै रहेको देखियो तथा म्याद थप समेत नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति प्रतिदिन ०.०५% को दरले असुल गरी संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

निर्माणाधिन कृषि उपज केन्द्र







२१ **कोल्ड स्टोर भवन निर्माण -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गरी निर्माण प्रकृया प्रारम्भ गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी श्री सगुन पारामाउण्ट जे भी (६१५९६०११७)सँग मिति २०८१ भाद्रसम्म(म्याद थप सहित) सम्म कोल्ड स्टोर निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।०३।०३ गते रू. ४,४७,७५,९८८।७६(मू.अ.कर बाहेक) मा सम्झौता भएकोमा चौथो रनिङ्ग बिलसम्म रु. ३,०७,३३,०१७।१४(मू.अ.कर समेत) भुक्तानी भईसकेको भएपनि हालसम्म पालिकाले उक्त कोल्ड स्टोर भवन निर्माण कार्यको जग्गा अधिग्रहण करिब १८ रोपनी जग्गा अधिग्रहण गर्न बाँकी रहेको छ । कोल्ड स्टोर भवन बनाउनको लागि आवश्यक पर्ने जग्गा अधिग्रहणको कार्य सम्पन्न नगर्दै खरिद सम्झौता गर्नु उपयुक्त देखिएन, तसर्थ तोकिए बमोजिम जग्गा अधिग्रहणको कार्यसम्पन्न गरी कोल्ड स्टोर भवनको निर्माण सम्पन्न गरी लक्षित उद्देश्य हासिल गर्नुपर्दछ ।




२२ **गौशाला ईन्जिनियरिङ्ग कलेज -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा गुणस्तर सहित उचित प्रतिफल प्राप्त हुने गरी उपलब्ध साधन स्रोतलाई मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले गौशाला इन्जिनियरिङ्ग अधुरो भवन निर्माण कार्यको गतविगत वर्ष देखि उपभोक्ता समितिबाट कार्य गराई देहाय बमोजिम हालसम्म रु १५११२०४८।०० खर्च भैसकेको अवस्थामा स्थलगत निरीक्षण गर्दा उक्त भवनको वाल चर्केको, भवनभित्र भुष पराल राखेको तथा घाँस विरुवाहरु उम्रिएर प्रयोगहिन अवस्थामा रहेको पाईएकोले खर्चको औचित्य पुष्टि हुने गरी कलेज संचालन गरी उक्त भवनको उद्वेश्य अनुसार प्रयोग गरी बजेट खर्चको प्रतिफल सुनिस्चित गर्नु/गराउनु पर्दछ ।

| आर्थिक वर्ष | हालसम्मको खर्च |
|---|---|
| २०७६।७७ | 6,656,000.00 |
| २०७७।७८ | 2,500,000.00 |
| २०७८।७९ | 3,336,940.00 |
| २०८०।८१ | 2,619,108.00 |
| जम्मा | 15,112,048.00 |





गौशाला ईन्जिनियरिङ्ग कलेजको भवन

२३ **टुक्रा खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.२ अनुसार यो ऐन र अन्तर्गत बनेको नियम बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। कार्यालयले अनुसूची बमोजिमको कार्य टुक्रा बनाई खरिद सम्झौता गरेर रु ३४६४९५१०।४५ भुक्तानी भएको छ। कार्यालयबाट वोलपत्रको माध्यमले खरिद गर्दा प्रतिस्पर्धा हुँदा लागत अनुमानको औषतमा ३० प्रतिशत सम्म घटीमा सम्झौता भएको छ। टुक्रा-टुक्रा गरी खरिद गर्दा प्रतिस्पर्धा न्यून भएको कारणले सरकारी व्ययभार वढेको अवस्था छ। यस सम्बन्धमा यर्थाथता यकिन गरी यसरी टुक्रै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२४ **अनुदान** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कार्यालयले कुनै संघ संस्थालाई अनुदान दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे/नगरेको र त्यस्तो रकमको कानून बमोजिम लेखापरीक्षण भए/नभएको सम्बन्धमा अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निगौल गाई गौशाला व्यवस्थापन कार्यालयलाई यस वर्ष रु २०,००,०००।०० अनुदान दिएकोमा सो अनुदानको उपयोगिताको सम्बन्धमा अनुगमन तथा प्रतिवेदन नलिएकोले अनुदान उपयोगिताको सम्बन्धमा सुनिश्चित हुन सकिएन । अतः पालिकाले उपलब्ध गराएको अनुदान तोकिएको काममा लक्ष्य अनुसार खर्च गरे/नगरेको सम्बन्धमा अनुगमन गरी लेखापरीक्षण प्रतिवेदन लिई अनुदान उपयोगिताको सम्बन्धमा सुनिश्चितता हुनुपर्ने देखिएको रु............

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००,००० |

२५ **विद्यालय भौतिक निर्माण** - (१७-२०८१-३-२४):

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ८.३ मा केन्द्रबाट छनोट भएका नमुना विद्यालयको भवन निर्माणको लागि प्रति विद्यालय रु.५० लाख देखि रु. १ करोडसम्म अनुदान दिने व्यवस्था छ । सोहि क्रियाकलापको बूँदा नं.८.२(ग) मा लागत अनुमान स्वीकृत गर्ने, तथा सम्झौता भएपश्चात पहिलो किस्ता ३० प्रतिशत, संरचना निर्माण पश्चात ५० प्रतिशत र कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात अन्तिम किस्ता वापत २० प्रतिशत रकम निकासा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नमुना विद्यालय भौतिक संरचना अनुदान अन्तर्गत नमुना विद्यालय श्री त्रिभुवन माध्यमिक विद्यालय गौशालाबजारलाई रु.१,३८,४०,००० निकासा दिएकोमा विद्यालयले अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि कार्य सम्पन्न गरेको छैन् । उपरोक्त निर्देशिका अनुसार पालिकाले अनुदानको सहि तवरले सदुपयोग गर्दै प्राविधिकद्वारा प्रमाणित गराएको भवन निर्माणको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु........................

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३८,४०,००० |

२६ **अनुत्पादक तथा वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष नगरपालिका चालु खर्चबाट विभिन्न पूजा, मेला, महोत्सव लगायतमा खर्च गरेको उल्लेख गरी विभिन्न व्यक्ति तथा समितिलाई रु. ४९,३६,७६८।०० भुक्तानी दिएको छ । त्यस्ता खर्चमा भोजमा आवश्यक पर्ने सामग्री खरिद गरेको, पूजा पाठ, नाँचका सामान, टेन्ट आदि जस्ता सामाग्रीको लागि भुक्तानी दिएको, खेलकुद सामाग्री आदिमा विभिन्न किराना पसलका टुक्रा विलहरु समेत पेश भएको देखियो। यस प्रकारका खर्चमा नियन्त्रण गरी खर्चलाई मितव्ययी बनाउँदै थप पूँजी निर्माण हुने, रोजगारी सिर्जना गर्ने उत्पादन मुखी कार्यमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । त्यस्ता खर्च निम्नानुसार छन्:

| गो भौ नं | विवरण | रकम |
|---|---|---|
| १४४।२०८०।८।९ | श्री दुर्गा पूजा समिति गौशाला | २५०००० |
| १७२।२०८०।८।२५ | सिरक खरिद गरी वितरण | ४१९९८७ |
| १७३।२०८०।८।२५ | सिरक वितरण गरिको | ४१९९८७ |
| १८३।२०८०।८।२७ | लक्ष्मीपुजा मेला महोत्सव | २००००० |
| २०२।२०८०।९।३ | दुर्गा मन्दिर पुजा समारोह २ | ६००००० |
| २६३।२०८०।१०।०२ | श्री छट पूजा समिति | १९४५५० |
| २७९।२०८०।१०।९ | साडी वितरण | ३००००० |
| २८२।२०८०।१०।९ | फाइबर सिरक वितरण | ४४८१०० |
| ३८९।२०८०।११।१७ | फाइबर सिरक वितरण | ४३९९४६ |
| ३९०।२०८०।११।१७ | फाइबर सिरक वितरण | ४६७५९८ |
| ३९९।२०८०।११।२० | फाइबर सिरक | ५००००० |
| ३८८ | फाइबर सिरक वितरण | ५७१६०० |
| ६१७।२०८१।२।१ | चैत्री दुर्गा पूजा मेला समिति गौशाला १२ | १२५००० |
| जम्मा | | ४९३६७६८ |

२७ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम २१ मा भ्रमण खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु.१६३७१९७।०० दैनिक भ्रमणमा खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुरुप भ्रमण अभिलेख राखेको छैन भने कतिपय कर्मचारी तथा पदाधिकारीले भ्रमण पश्चात भ्रमण प्रतिवेदन पेश गरेका छैनन् । नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण खर्च लेख्नेतर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ ।

२८ **इन्धन खर्चको मापदण्ड**

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु.६१३२८६७।०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पालिकामा जीप २ थान, टिपर १ थान, मोटर साइकल २९ थान, स्कुटर ५ थान, एम्बुलेन्स १ थान, बारुण यन्त्र १ थान, ट्र्याक्टर १ थान र लोडर १ थान रहेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पति व्यवस्थापन प्राणाली (PAMS) मा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शि बनाउनु पर्दछ ।

२९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रु. २७,२४,९९८।०० खर्च लेखेको छ । जसमध्ये खाना खाजा होटलवास आदिका लागि विभिन्न होटलाई रु.१२,५१,९११।०० भुक्तानी गरेको छ । त्यसैगरी सभा संचालन कार्यमा रु.११,१०,७६९।०० खर्च गरेको छ । पालिकाले विविध खर्चलाई मितव्ययी बनाउँदै अनावस्यक खर्चलाई कटौती गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

## ३० क्याम्पसलाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को ज(२०) मा गाउँपालिका तथा नगरपालिकाले माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने उल्लेख छ । शिक्षा नीति, २०७६ को बुँदा नं १०.९ ले माध्यमिक शिक्षाको रुपमा १२ कक्षासम्मको पठनपाठनलाई माध्यमिक शिक्षाको परिभाषामा राखेको देखिन्छ । त्यसैगरी शिक्षा तथा मानव श्रोत विकास केन्द्रले स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय ईकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित आर्थिक वर्ष २०८०।८१ को लागि प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाले स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक तहसम्म तलव तथा विद्यालयका अन्य गतिविधिसँग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले नगरपालिका चालु खर्च शीर्षकबाट निम्नानुसार भौचरहरुबाट गौशाला बहुमुखी क्याम्पसलाई रु.३९७२०००।०० अनुदान उपलब्ध गराएको छ ।

| गो भौ नं | विवरण | रकम |
|---|---|---|
| ३५४।२०८०।११।२ | गौशाला बहुमखि क्याम्पस को तलव बापतको रकम | ५००००० |
| ८३५।2081.३।१८ | गौशाला बहुमुखी क्याम्पस संचालन तथा व्यवस्थापन | २००००० |
| ८३६।२०८1।३।१८ | गौशाला बहुमुखी क्याम्पस गत विगत वर्षको तलव भुक्तानी | ५००००० |
| ३८३।२०८०।११।१४ | गौशाला बहुमखि क्याम्पस को तलव बापतको रकम | १५१२००० |
| ५७८।२०८१।१।२७ | गौशाला बहुमखि क्याम्पस को संचालन व्यवस्थापन अनुदान तेस्रो निकासा | १२६०००० |
| जम्मा | | ३९७२००० |

भर्ना शुल्क, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालय तथा प्रदेश सरकारबाट समेत अनुदान पाउने गरेकोमा नगरपालिकाले स्थानीय सरकार संचालन ऐनले तोकेको आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई क्याम्सलाई अनुदान उपलब्ध गराएको नियमसम्मत देखिएन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात सम्लग्न गर्नुपर्ने उल्लेख भएको व्यवस्था बमोजिम पालिकाले उक्त क्याम्पसलाई उपलब्ध गराएको अनुदान रकमको खर्चको पुष्टी हुने कागजात पेश गरी उक्त खर्चको पुष्ट्याई समेत गरी नियमित गर्नुर्ने रु.....

| | |
|---|---|
| अनियमित भएको | ३९,७२,००० |

## ३१ विद्युत महसुल

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न भौचर नम्बरहरुबाट विद्युत महसुल भुक्तानी गर्दा विद्युत महसुल जरिवाना भुक्तानि गरेकोले निम्नानुसार रु. १७७९०७।०० थप व्ययभार पारेको छ । समयमै महसूल भुक्तानी गरी छुट लिने गरी भुक्तानी व्यवस्थापन गरिनुपर्दछ ।

| गो भौ नं | बिल रकम | जरिवाना रकम |
|---|---|---|
| १५१।२०८०।८।११ | ३८४९६९ | ८१४९९ |
| ३७६।२०८०।११।१३ | १२५४२३.३३ | १८७६३.५३ |
| ७१६।२०८१।२।२७ | १४७६७४.२५ | ३६७२०.९६ |
| ९०६ | १६४०५७ | ४०९२४ |
| जम्मा | | १७७९०७ |

| | |
|---|---|
| अनियमित भएको | १,७७,९०७ |

३२ **खर्च पुष्टयाईको प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार सामग्रीहरु खरिद गरेकोमा देहायमा उल्लेखित प्रमाण कागजात पेश भएको देखिएन ।नियमावलीमा भएको व्यवस्था अनुसारको बिल भरपाई तथा प्रमाण कागजात पेश नभएकोले खर्च पुष्ट्याईको प्रमाण पेश हुनुपर्ने रु.......

| गो भौ नं | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| ५९।२०८०।६।२२ | सिताराम साह कानु | ८०००० | २० दिनको गाडी भाडा भनी भुक्तानी गरेकोमा सम्झौता तथा गाडीको पहिचान खुल्ने कागजात सम्लग्न नरहेको । |
| १७१।२०८०।८।२४ | मनोज आधुनिक फिक्स इट्टा उद्योग | २७५८१० | फोटोकपी बिल सम्लग्न गरेको |
| ७३३।२।२८ | कमल फार्मेसी | ९६९५०१ | स्वास्थ्य बीमा कार्यक्रमको लागि खरिद गरिएका औषधि सम्बन्धित संस्थालाई हस्तान्तरण गरेको प्रमाण सम्लग्न नरहेको |
| ९५।२०८०।७।२ | भु पु सैनिक टेलर्स | २५११७ | भुक्तानी पुष्टी गर्ने बिल भरपाई केही सम्लग्न नरहेको । |
| जम्मा | | १३५०४२८ | |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१३६,१६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५०,४२८ |

३३ **सामुहिक कृषि सिंचाई** (४-२०८०-६-२५):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । पालिकाले नगरपालिका चालु खर्चको गो भौ न ४।२०८०।६।२५ बाट नेपाल विद्युत प्राधिकरण गौशाला वितरण केन्द्रले सामुहिक कृषि सिंचाईको लागि निम्नानुसार १० कृषि समुहको लागि विद्युतको मिटर जडान गर्न आवस्यक विद्युतीय सामाग्री उपलब्ध गराउन अनुरोध गरे बमोजिम जितेन्द्र सिडि सेन्टर, गौशाला महोत्तरीबाट विद्युत प्राधिकरणबाट माग भए बमोजिमका विभिन्न विद्युतीय सामाग्री खरिद गरी गत वर्ष २०८०।३।२० को बिलको आधारमा रु.२३१३४७।०० खर्च लेखेको छ । पालिकाले सम्बन्धित कृषि समुहको लागि विद्युत मिटर जडान भई सिंचाईको काम भए/नभएको सम्बन्धमा अनुगमन गरेको नदेखिनुका साथै खरिद गरिएका सामाग्री नेपाल विद्युत प्राधिकरणाई हस्तान्तरण गरेको प्रमाण कागजात समेत सम्लग्न गरेको छैन । खरिद गरिएका सामाग्री विद्युत प्राधिकरणमा हस्तान्तरण गरेको प्रमाण पेश

गरी सम्बन्धित कृषकहरुको लागि विद्युत मिटर जडान भई सिंचाईको कार्य भएको सम्बन्धमा अनुगमन गरी खर्चको पुष्ट्याई गर्नु पर्ने रु......

| सि नं | कृषक समुहको नाम | ठेगाना |
|---|---|---|
| १ | शिवम कृषक समुह | गौशला नगरपालिका वडा नं ४ |
| २ | कमला जल उपभोक्ता समुह | गौशला नगरपालिका वडा नं ८ |
| ३ | महारानी जल उपभोक्ता समिति | गौशला नगरपालिका वडा नं ११ |
| ४ | तपरी जल उपभोक्ता समिति | गौशला नगरपालिका वडा नं १२ |
| ५ | शकर जल उपभोक्ता समिति | गौशला नगरपालिका वडा नं १२ |
| ६ | सुवर्ण जल उपभोक्ता समिति | गौशला नगरपालिका वडा नं १२ |
| ७ | कुमारी सिंचाई डिप बोरिङ्ग जल उपभोक्ता समिति | गौशला नगरपालिका वडा नं १ |
| ८ | ढल्के जल उपभोक्ता समिति | गौशला नगरपालिका वडा नं ८ |
| ९ | राम जानकी जल उपभोक्ता समिति | गौशला नगरपालिका वडा नं १२ |
| १० | लक्ष्मिनिया जल उपभोक्ता समिति | गौशला नगरपालिका वडा नं ११ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३१,३४७ |

३४ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.१,२३,५३,३४६।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा यस पालिकाले माथि उल्लेखित पद वाहेकको करारमा राख्न नमिल्ने सव इन्जिनियर, सहायक कम्प्युटर अपरेटर, सहायक पाँचौं लगायत विभिन्न ८ पदमा २१ जना करार नियुक्ति गरी रु.७६,४३,७०१।०० खर्च गरेको देखियो । दरवन्दि यकिन गरी स्थायी पदपूर्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३५ **ज्यालादारी कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिका तथा वडाहरुमा गरी बजार सरसफाई कर्मी देखि बाहेक ४६ जना कर्मचारी ज्यालादारीमा राखी वर्षभरिमा गत वर्ष आषाढको बाँकी रु.५३४४०६।०० समेत वर्षभरिमा रु.८०५२४७६।०० भुक्तानी गरेको छ । स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था अनुसार कामको प्रकृति अनुसार दरबन्दी प्रस्ताव गरी स्थायी वा करार कर्मचारीमार्फत कार्य गराउने तर्फ नगरपालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

३६ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ ले स्थानीय तहका पदाधिकारीले पाउने सुविधा तोकेको छ । पालिकाले कार्यपालिका सदस्य विसुनदेव सिंहलाई ऐनले तोकेको भन्दा निम्नानुसार रु.३६०००।०० बढी सुविधा भुक्तानी गरेको रकम भुक्तानी पाउनेबाट असुल गरी दाखिला गर्नुपर्ने रु.....

| ऐनले तोके अनुसार भुक्तानी हुनुपर्ने ( मासिक ) | | | भुक्तानी भएको ( मासिक ) | | | बढी भुक्तानी ( मासिक ) | १२ महिनाको बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| यातायात खर्च | टेलिफोन मोबाइल | अतिथि सत्कार | यातायात खर्च | टेलिफोन मोबाइल | अतिथि सत्कार | | |
| ८५०० | २००० | ७५०० | १०००० | ३००० | ८००० | ३००० | ३६००० |
| | | | | | | असुल गर्नुपर्ने | ३६,००० |

३७ **नगर शिक्षकको तलव**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात सम्लग्न गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा नगर शिक्षकको लागि वर्ष भरिमा रु. १२४९४१९४।०० खर्च लेखेकोमा नगर शिक्षकहरुको अभिलेख तथा सम्बन्धित सम्पूर्ण विद्यालयहरुको माग फाराम सम्लग्न नगरेकोले निकासा भएको रकमका सम्बन्धमा यकिन गर्न सक्ने आधार भएन । यस सम्बन्धमा पालिकाले स्वीकृत दरबन्दी समेतको थप विश्लेषण गरी निकासा भएको रकमका सम्बन्धमा यकिन गर्नुपर्दछ ।

| गो भौ नं | विद्यालयको संख्या | रकम |
|---|---|---|
| ६१।२०८०।६।२४ | २२ विद्यालयमा | ४७,२५,००० |
| ४३८।२०८०।१२।२ | २९ विद्यालयमा | २३,३४,००० |
| ५६२।२०८१।१।२६ | २९ विद्यालयमा | १२,७३,००० |
| ८०७।२०८१।३।१३ | ३० विद्यालयमा | ४१,६२,१९४ |
| जम्मा | | १,२४,९४,१९४ |

३८ **तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम**

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा विभिन्न तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम गैह्र सरकारी संस्थाहरुमार्फत गराई नगरपालिका चालु खर्चबाट रु. ११६८३०१७।०० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

३८.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एकलाख रुपैयाभन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र दफा ५क. मा तयार भएको लागत अनुमान स्वीकृत गर्नपर्ने उल्लेख छ । पालिकाले गैह्र सरकारी संस्था मार्फत संचालन गरेका अधिकांस तालिम गोष्ठी तथा अभिमुखिकरण कार्यक्रमको लागत अनुमान तयार गरेको छैन भने अधिकांस कार्यक्रमको प्रस्ताव आव्हान गर्दा बिनियोजित बजेटकै आधारमा गर्ने गरेको छ । लागत अनुमान तयार नगरी विनियोजित बजेटकै आधारमा प्रस्ताव आव्हान गर्ने कार्यमा नियन्त्रण गरी ऐनमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ ।

३८.२ **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थासँगको कारोबारमा सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायमा उल्लेखित संस्थाबाट तालिम गोष्ठी अभिमुखीकरण सम्बन्धी सेवा खरिद गरी रु. ३९६५००।०० भुक्तानी दिएकोमा उक्त संस्थाले मूल्य अभिवृद्धि कर विजक जारी गरेको छैन । मुल्य अभिवृद्धि कर विजक जारी नगर्ने उक्त संस्थालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा रु.४०२६०।०० घटी कर कट्टी गरी भुक्तानी गरेकोले कर कट्टा गर्न नपुग भएको रकम सम्बन्धित संस्थाबाट असुल गरी संघिय राजश्व दाखिला गर्नुपर्ने रु.....

| गो भौ नं | कार्यक्रमको विवरण | संस्थाको नाम | रकम | कर कट्टी गर्नुपर्ने | कर कट्टी भएको | नपुग कर रकम |
|---|---|---|---|---|---|---|
| ७४४।२०८१।३।२ | बाल बिबाह दहेज प्रथा सम्बन्धी जनचेतना मुलक कार्यक्रम | राष्ट्रिय युवा गैरसरकारी संस्था महासंघ नेपाल | ३९६५०० | ५९४७५ | १९२१५ | ४०२६० |

| असुल गर्नुपर्ने | ४०,२६० |
|---|---|

३९ **पाठ्य पुस्तक अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत स्थानीय तह र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.४.६.१ (सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा १ देखि १० का विद्यार्थीका लागि तेस्रो त्रैमासिकभित्र IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्त खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गतका विद्यालयहरुको EIMIS मा प्रविष्ट विद्यार्थी संख्याको विवरण सत्यापन गरे/गराएको देखिएन । पालिकाले विद्यालयहरुमा दोस्रो पटक पठाएको अनुदान रकमसँग शैक्षिक सत्र सुरु भएपछि EMIS मा नयाँ भर्ना भएका विद्यार्थीको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण भिडाई हेर्दा निम्नानुसार रु.१३३६५६।०० बढी अनुदान निकासा भएको देखिएकोले बढी निकासा भएको अनुदान सम्बन्धित विद्यालयबाट फिर्ता प्राप्त गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु ……..

| विद्यालयको नाम | कक्षा | नयाँ भर्ना भएका विद्यार्थी समेत इमिसमा प्रविष्ट विद्यार्थी संख्या | अनुदान गएको संख्या | बढी विद्यार्थी संख्या | दर | बढी निकासा |
|---|---|---|---|---|---|---|
| श्री त्रिभुवन मा वि | ९ | १७६ | १९६ | २० | ७७० | १५४०० |
| श्री रा मा वि कान्ति बजार | १ | २४ | २९ | ५ | ५२० | २६०० |
| | २ | १६ | २३ | ७ | ५२६ | ३६८२ |
| | ३ | २५ | ३४ | ९ | ५८१ | ५२२९ |
| | ४ | ३५ | ३८ | ३ | ५९६ | १७८८ |
| | ५ | ३५ | ७५ | ४० | ६३४ | २५३६० |
| | ७ | ४४ | ५५ | ११ | ७४८ | ८२२८ |
| मा वि रामनगर | २ | १८ | २५ | ७ | ५२६ | ३६८२ |
| | ९ | ६६ | ९३ | २७ | ७७७ | २०९७९ |
| ज मा वि रजखोर | ५ | ६२ | ७० | ८ | ६३४ | ५०७२ |
| | ६ | ६६ | ८० | १४ | ७०७ | ९८९८ |
| | ९ | ५२ | ६० | ८ | ७७० | ६१६० |
| मुन्नी मिश्री आधारभुत विद्यालय | ८ | ४१ | ७० | २९ | ८८२ | २५५७८ |
| जम्मा | | | | | | १३३६५६ |

| असुल गर्नुपर्ने | १,३३,६५६ |
|---|---|

४० **नमुना विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत स्थानीय तह र प्रदेश तहमा ससर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको लागि कार्य सम्पादनमा आधारित अनुदान वापत स्वीकृत गुरु योजना अनुसार

विद्यार्थी संख्याका आधारमा रु.३० लाख देखि ६० लाखसम्म अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष गो भौ नं २९२।२०८१।३।२४ बाट श्री त्रिभुवन मा वि गौशला बजारको खातामा रोक्का रहने गरी रु.४५०००००।०० निकासा गरेको छ । यसरी आर्थिक वर्षको अन्तमा संघीय ससर्त तर्फको बजेट खर्च लेख्ने उद्येश्यले निकासा गरी रोक्का राख्ने कार्यलाई उचित मान्न सकिएन । विद्यालयमा निकासा भएको रकमबाट गुरुयोजनामा तोकिए अनुसार कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा रकम फिर्ता प्राप्त गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००,००० |

४१ **दिवा खाजा**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिकाको कृयाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाका लागि विद्यालयमा उपस्थित भएको दिनको दैनिक रु.१५।०० का दरले १८० दिनसम्मको दीवाखाजा वापत अनुदान निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी रकम निकासा गर्दा प्रथम त्रैमासिकमा IEMIS मा समावेश भएको बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानी विद्यालयमा रकम निकासा दिने र दोस्रो त्रैमासिकदेखि भौतिक रुपमा विद्यालय पुरा चलेको दिनको आधारमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले IEMIS मा प्रविष्ट विद्यार्थी संख्यालाई आधार मानी दीवा खाजा निकासा गरेको छ । कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यार्थीको वास्तविक संख्या यकिन भएको प्रमाणित कागजात बेगर दीवाखाजाको लागि विद्यालयहरुमा रु.१८५१९७५०।०० निकासा गरेको छ । विद्यालयबाट प्रमाणित विद्यार्थीसंख्याको विवरण लिएर मात्र दीवाखाजा वापतको रकम निकासा गर्नुपर्दछ भने स्थानीय तहले निकासा रकम सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

४२ **छात्रावृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ती अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष उक्त प्रयोजनका लागि पालिका अन्तर्गतका ३२ विद्यालयहरुमा रु.३१२७८००।०० अनुदान निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

४२.१ छात्रवृत्तीको लागि रकम निकासा गर्दाIEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ३२ विद्यालयमा गो भौ नं १३३।२०८१।१।२५ बाट रु.२३,१२,०००।०० निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । यसमा सुधार हुनुपर्ने देखिन्छ ।

४२.२ **नपुग छात्रवृत्ती :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले गो भौ नं १३३।२०८१।१।२५ बाट पालिका अन्तर्गतका विद्यालयहरुमा इमिसमा उल्लेखित संख्याका आधारमा छात्रवृत्ती अनुदान निकासा गरि सकेको अवस्थामा पुन: गो भौ नं २९३।२०८१।३।२४ बाट नपुग छात्रवृत्ती भनी निम्नानुसार १५ विद्यालयमा रु.१७५८००।०० रकम निकासा गरेको छ । छुट भएका विद्यार्थीको संख्या खुल्ने प्रमाणित कागजात सम्लग्न नगरेकोले छुट भएका विद्यार्थिको विवरण तथा रकम बुझेको भरपाइ पेश गरी खर्च पुष्ट्याई गर्नुपर्ने रु……

| क्र सं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री त्रिभुवन मा वि गौशला बजार | २०००० |
| २ | श्री जनता मा वि भरतपुरखोर | २८४०० |
| ३ | मा वि निगौला | ३०८०० |
| ४ | राष्ट्रिय मा वि वहादुरगंज वटौवा | ७६०० |
| ५ | श्री मा वि फेडियाही फुलकाहा | १४००० |
| ६ | श्री मा वि राम नगर | ५२०० |
| ७ | श्री विरेन्द्र मा वि वेलगाछी | ५६०० |
| ८ | श्री सरस्वती आ वि भन्टावारी | ५६०० |
| ९ | श्री रा मा वि नवराजपुर | ११६०० |
| १० | श्री जनता आ वि कनकपुर | १२८०० |
| ११ | श्री रा नि मा वि वान्हटोल | २००० |
| १२ | श्री ने रा ज आ वि बहादुरगंज | १०००० |
| १३ | श्री रा आ वि जमुनिया | ३००० |
| १४ | श्री ने रा जनजाती प्रा वि मनहर्वा | ७६०० |
| १५ | श्री जनता प्रा वि जयपुर | ११६०० |
| जम्मा | | १७५८०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७५,८०० |

४२.३ **आवासिय छात्रवृत्ती :** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१ मा अपाङ्गता भएका विद्यार्थीका लागि आवासिय छात्रवृत्ती अन्तर्गत प्रति विद्यार्थी मासिक रु.४०००।०० का दरले १० महिनाको रु.४००००।०० छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था रहेको छ । त्यसैगरी सोही कृयाकलापमा विद्यालयमा रहेका अपाङ्गता भएका विद्यार्थीलाई अपाङ्गता भएको श्रेणी र अवस्था अनुसार छात्रवृत्तिको प्रकार निर्धारण गरी विद्यालयगत छात्रवृत्तिको व्यवस्था मिलाई विद्यालयमा अनुदानको व्यवस्था गर्ने उल्लेख छ । पालिकाले श्री त्रिभुवन मा वि गौशला बजारलाई अपाङ्गता भएका १६ जना विद्यार्थीका लागि भनी रु.६४००००।०० निकासा गरेकोमा उक्त विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरु कति रहेका छन् तिनीहरुको भर्ना विवरण तथा अनुगमन गरेको प्रमाण कागजात बेगर रकम निकासा गरेकोले विद्यार्थीहरुको वास्तविक संख्या र श्रेणी खुल्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४०,००० |

४३ **सामाजिक सुरक्षा**

४३.१ **एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को बुँदा नं. १९ बमोजिम केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । लेखापरीक्षण क्रममा सामाजिक सुरक्षा भत्ता वितरण विवरण परीक्षणमा वडा नं ५, ९ र ११ को बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैकले पालिकालाई उपलब्ध गराएको विवरण अनुसार नगरपालिकामा

चारवटै त्रैमासिकमा एउटै नागरिकता नम्बर, एउटै जन्म मिति, एउटै नामका बुबा आमा भएको निम्न व्यक्तिलाई दोहोरो भत्ता भुक्तानी भएको देखिएको छ ।पालिकाले नागरिकताका आधारमा कार्यविधि विपरीत लाभग्रहीहरुको नाममा दोहोरो भुक्तानी भएको रकम असूल हुनुपर्ने अन्यथा फरक व्यक्ति भएको भए प्रमाण पेश हुनुपर्दछ । साथै अन्य वडाहरुमा समेत पालिकाले थप अध्ययन विश्लेषण गरी यकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

| वडा नं. | लाभग्राहीको नाम | नागरिकता नं. | भुक्तानी रकम |
|---|---|---|---|
| ९ | विकिया देवी | १८३०६७।१४२९ | ३१९२० |
| ९ | रामचन्द्र सिंह दनुवार | १२९३१२१८ | ४८००० |
| ९ | सेख सलिम | १२९५१७७९ | ४८००० |
| ९ | विन्देश्वरी पासमान दुसाद | १८३०६७।१८१ | ३१९२० |
| ११ | राजलाल यादव | ०४९००२०७ | ४८००० |
| ११ | बिल्तु महत्तो नुनिया | १२९३२०७८ | ४८००० |
| ५ | रेवती देवी हलुवाइ | ८६४४०७२६ | ४८००० |
| ५ | विशेश्वर पासमान दुसाद | ८६४४१४०५ | ४८००० |
| जम्मा | | | ३५१८४० |

| असुल गर्नुपर्ने | ३,५१,८४० |
|---|---|

४३.२ **मृत्यु पश्चातको भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं. १६(ख) बमोजिम जीवित हुँदा पकाएको भत्ता निजको मृत्यु भएमा उक्त भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने व्यवस्था छ । लेखापरीक्षण योजनानुसार नगरपालिकाको १२ वटा वडा मध्ये (वडा नं.१, २, ४, ७, १० र १२) को श्रेस्ता परीक्षणमा सामाजिक सुरक्षा भत्ता वितरणमा लाभग्राहीको मृत्यु पश्चात पाउनु पर्ने अवधिको रकम भन्दा देहायको व्यक्तिलाई बढि रकम गएको देखिन्छ । कार्यविधि विपरीत लाभग्रहीहरुको नाममा बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने अन्यथा पुरै रकम भुक्तानी नभई फिर्ता भएको भए प्रमाण पेश हुनुपर्ने रु

| वडा नं. | लाभग्राहीको नाम | परिचयपत्र नं. | मृत्यु भएको मिति | पाउनु पर्ने रकम | भुक्तानी रकम | बढि रकम | चौमासिक |
|---|---|---|---|---|---|---|---|
| १ | भेषराज शर्मा | 2002123187977 | ०८/१०/२०८० | ५३३३ | १२००० | ६६६७ | दोश्रो |
| १ | गर्ज बहादुर बस्नेत | 1991123078056 | ०८/०८/२०८० | ५०६६ | १२००० | ६९३४ | दोश्रो |
| ४ | राम बहादुर तिमल्सिना | 2006082801189 | ०३/०४/२०८१ | ८५३३ | १२००० | ३४६६ | चौथो |
| ४ | बेचनी देवी | 2012123069992 | ०१/११/२०८१ | १४६७ | १२००० | १०५३३ | चौथो |
| ४ | जोगिन्दर साह सुडी | 2011071502293 | १२/१९/२०८० | १०५३३ | २४००० | १३४६७ | तेश्रो र चौथो |
| ४ | बाल कुमारी | 2000123294124 | ०१/२९/२०८१ | ३८६७ | १२००० | ८१३३ | चौथो |
| १० | इसरा देबी | 2010123032614 | ०५/३१/२०८० | ८००० | १२००० | ४००० | पहिलो |
| १२ | बुद्ध माया सिंगदान | 2010123129246 | ०१/१५/२०८१ | २००० | १२००० | १०००० | चौथो |
| १२ | झरिलाल महतो | 2009121912363 | ०१/१६/२०८१ | २१३३ | १२००० | ९८६७ | चौथो |
| १२ | कलिया देवी कोइरी | 2000091505543 | ०८/०५/२०८० | ४६६६ | २४००० | १९३३३ | तेश्रो, चौथो |
| २ | वुधिआ देवी | 2009122200313 | ०२/२४/२०८१ | ७२०० | १२००० | ४८०० | चौथो |
| २ | चतुरी महरा चमार | 1989112300204 | ०२/२५/२०८१ | ७३३५ | १२००० | ४६६५ | चौथो |
| ४ | राम तोला मुखिया | 2058020401952 | ०६/३०/२०८० | ७९८० | १५९६० | ७९८० | दोश्रो |
| २ | सुवधी देवी दुसाद | 2007082700223 | ०५/१५/२०८० | ६००० | २४००० | १८००० | पहिलो र दोश्रो |
| जम्मा | | | | | | १२७८४५ | |

| असुल गर्नुपर्ने | १,२७,८४५ |
|---|---|

४३.३ **पारदर्शिता र अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

४३.४ **बसाइँ सराई गर्नेको भत्ता भुक्तानी :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २० बमोजिम कुनै लाभग्राही आफू बसोबास गर्दै आएको स्थानीय तहबाट अर्को स्थानीय तहमा बसाँइ सरी गएमा वा आएमा त्यस्तो व्यक्तिले बसाँइ सरी गएको लगत हस्तान्तरण फारम प्रमाणपत्र जारी गर्ने स्थानीय तहका वडा कार्यालयले बसाँइ सरी जाने व्यक्तिले खाइपाई आएको भत्ताको प्रकृति खाइपाई आएको रकम भुक्तानी पाएको अवधि समेत प्रणालीमा खुलाइ बसाँई सरेको जनाई निजको नाम प्रणालीबाट लगत कट्टा गर्नुपर्ने र यसरी लगत कट्टा गर्दा कुन स्थानमा बसाई सरी गएको हो सो समेत जनाई सोही कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा लेखि पठाउनु पर्ने छ । कार्यविधि विपरीत लाभग्राहीहरुको नाममा बसाई सराई गरेर गए पनि भुक्तानी भएकोले सो रकम असूल हुनुपर्ने अन्यथा पुरै रकम भुक्तानी नभई फिर्ता भएको भए प्रमाण पेश हुनुपर्ने रु.

| वडा नं. | लाभग्राहीको नाम | परिचयपत्र नं. | बसाँई सराइ भएको मिति | पाउनु पर्ने रकम | भुक्तानी रकम | बढि रकम | चौमासिक |
|---|---|---|---|---|---|---|---|
| २ | जीतनी देवी दनुवार | 2010122301202 | १२/०५/२०८० | ८६६७ | २४००० | १५३३३ | तश्रो र चौथो |
| २ | देवनारायण राय दनुवार | 2008060202539 | १२/०५/२०८० | ८६६७ | २४००० | १५३३३ | तश्रो र चौथो |
| जम्मा | | | | | | ३०६६६ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,६६६ |

४४ **गौशाला बजार आय संकलन:**

गौशाला बजार वडा नं. ५ मा गोरु, खसी र खुद्रा बजारबाट आय संकलन ठेक्का बन्दोवस्त गर्ने सूचना अनुसार न्यूनतम रु. १४०,००,०००।– अकं कायम गरी ठेक्का आवहान गर्दा पर्न आएको ३ वटा बोलपत्र मध्ये सबैभन्दा बढी वार्षिक कबोल गर्ने आर्दश कन्स्ट्रक्सन, धनगढी -४, कैलालीको रु. १,५५,२५,५९५।– को बोलपत्र आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि, २०७६ अनुसार स्वीकृत गर्ने निर्णय गरेको देखिन्छ । ठेक्का सकारकर्ता र पालिकाबीच २०८० श्रावण २८ मा भएको सम्झौतामा उल्लेखित बजारको आय संकलन ठेक्का बन्दोवस्तका शर्तहरुको बुँदा नं ४ मा शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै रसिद सकारकर्ताले आफ्नैतर्फबाट छपाई कार्यालयको छाप लगाई प्रमाणित गराएर रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्ने उल्लेख गरेतापनि तदनुसार रसिद प्रमाणित एवं रसिद नियन्त्रण खाता राखेको देखिएन । तसर्थ सम्झौताको शर्त बमोजिमका कार्यहरु गरि आय ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

४५ **मल्हानिया पोखरी ठेक्का :**

गौशाला नगरपालिका अन्तर्गत मल्हानिया पोखरीको माछापालन गरी बिक्री वितरण गर्नको लागि श्री नुर माछापालन फार्मसग रु. २३,८६,०००।- मा ५ वर्षे ठेक्का २०७७/०७८ मा लागेको देखियो । उक्त पोखरी ठेक्का रु. २३,८६,०००।– मा ठेक्का सम्झौता गरेकोमा सम्झौताको बखत रु. ७,१५,५००।- रकम मात्र दाखिला गरेको र त्यसपछि कुनै रकम दाखिला गरेको देखिदैन । तसर्थ सम्झौता एबं प्रचलित कानून बमोजिम व्याज समेत लगाई बाँकी रकम रु.१६,७०,५००।- असूल गरि राजस्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,७०,५०० |

४६ **बहाल कर :**

गौशाला नगरपालिकाको आर्थिक वर्ष, २०८०/८१ को लागि स्वीकृत आर्थिक ऐन, २०८० को दफा ४ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले वहाल दिएकोमा सोहि ऐनको अनुसूची(२) बमोजिम घर, जग्गा वहाल कर लगाउने र असूल गराउने उल्लेख छ । अनुसूची(२) मा उक्त प्रयोजनमा १० प्रतिशत कर लगाउने व्यवस्था गरेको छ । नगरपालिकाबाट प्राप्त भए सम्मको आ.व. २०७९/८० को देहायको विद्यालयहरुको २०८०/८१ मा प्राप्त लेखापरीक्षण प्रतिवेदन अनुसार विद्यालयहरुले आय व्यय विवरणमा नगरपालिकाको आर्थिक ऐनको अनुसूचीमा उल्लेखित क्षेत्रमा आम्दानी प्राप्त गरेको उल्लेख गरेकोमा आर्थिक ऐनले तोके बमोजिम घर, जग्गा वहाल कर नगरपालिकाले असूल गरेको नदेखिएकोले विद्यालय लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित आधारमा प्राप्त गरेको रकममा वहाल कर वापतको रकम असूल गरी नगरपालिकाको राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | विद्यालय लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित अनुसूची २ बमोजिमको क्षेत्रका आय रकम | १० प्रतिशतले हुने कर रकम | कैफियत(विद्यालय लेखापरीक्षणबाट प्रमाणित आय विवरणमा उल्लेखित) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय माध्यमिक विद्यालय, न.पा.-१२ कान्ति बजार, गौशाला | ३,३३,१०५.९७ | ३३,३१०.५९ | घरभाडा टावरभाडाबाट प्राप्त |
| २ | जनता माध्यमिक विद्यालय, भरतपुरखोर, गौशाला न.पा. | ४,०३,३८० | ४०,३३८ | जग्गा ठेक्काबाट प्राप्त |
| ३ | जनता माध्यमिक विद्यालय, रजखोर-४ गौशाला न.पा. | ७,०५,००० | ७०,५०० | जग्गा पोखरी ठेक्काबाट |
| ४ | श्री माध्यमिक विद्यालय, भेदियाही फूलवाहा | १७,००० | १,७०० | जग्गा ठेक्का |
| ५ | विरेन्द्र माध्यमिक विद्यालय, वेलगाही | २,००,५०० | २०,०५० | जग्गा आय |
| ६ | राष्ट्रिय माध्यमिक विद्यालय, बहादुरगञ्ज गौशाला न.पा.-१२ | १,३९,७५० | १३,९७५ | जग्गाबाट आय |
| | | | | |
| ७ | त्रिभुवन माध्यमिक विद्यालय, गौशाला | २१,२१,५५० | २,१२,१५५ | जग्गाबाट आय |
| | जम्मा | ३९,२०,२८५.९७ | ३,९२,०२८ | |

| असुल गर्नुपर्ने | ३,९२,०२८.५९ |
|---|---|

४७ **बक्यौता रकम असूली सम्बन्धमा :**

गौशाला नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का वन्दोवस्त गर्ने सम्बन्धि कार्यविधि, २०७६ को बुँदा नं. ८ मा स्थानिय तहले विभिन्न कारणबाट असूल हुन नसकि बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असूल उपर गर्नुपर्ने उल्लेख छ । नगरपालिकाको गत विगतको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित माछापोखरी र बजार ठेक्काको रकम हालसम्म प्राप्त गरेको नदेखिएकोले सो रकम असूलीको कार्यविधि तथा कार्ययोजना बनाएको समेत नदेखिएकोले कार्ययोजना बनाई असूल गर्नुपर्दछ ।

४८ **जमानत जफत :**

आन्तरिक आय संकलन ठेक्का वन्दोवस्त गर्ने सम्बन्धि कार्यविधि, २०७६ को बुँदा नं. ५(छ) मा चलन पूर्जि नलिएमा वा पट्टा नउठाएमा राखेको जमानत जफत भइ स्थानीय संचित कोषमा दाखिला गर्नुपर्नेमा सुखलिया पोखरी ठेक्का बापत जफत गरेको जमानत रु. ५०,१००।– स्थानिय संचित कोषमा दाखिला गर्नुपर्नेमा धरौटी मा नै रहेकोले उक्त रकम दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५०,१०० |
|---|---|

४९ **निगौल ठाकुर पोखरी र उल्लार पोखरी (वडा नं. २ पानी टर्की) ठेक्का :**

नगरपालिकाको वडा नं. २ मा रहेको उक्त पोखरी माछापालन गरि बिक्री वितरण गर्ने प्रयोजनको लागि आ.व. २०७६/७७ देखि २०८०/८१ सम्म पाँच वर्षे ठेक्का अवधि भएको उक्त ठेक्का २०७६/०६/२७ मा रु. ६०,७८,७५५।- पाँच वर्ष भित्र सम्झौताको शर्त अनुसार रकम बुझउने गरि सकारकर्ता मानदेव मुखिया विन, गौशालासंग सम्झौता भएको रहेछ । सकारकर्ताले २०७८/०७९ को श्रावण मसान्त भित्र रु. ४३,४८,६३०।- दाखिला गरेकोले २०८१ आषाढ मसान्त सम्म रु.१७,३०,१२५।- दाखिला गरेको छैन । सकारकर्तासंग भएको सम्झौतामा रकम दाखिला नगरेमा व्याज हर्जाना सम्बन्धमा उल्लेख नगरेतापनि सम्झौताको बुदाँ नं. ११ मा

सम्झौतामा उल्लेखित विषयबाहेक अन्य विषयहरु नेपाल सरकारको प्रचलित कानून अनुसार हुने उल्लेख गरेकोले दश प्रतिशतका दरले व्याज रु. १,७३,०१२।५० समेत रु १९,०३,१३७।५० असूल गर्नुपर्दछ । रकम असूल सम्बन्धमा नगरकार्यपालिकाको कार्यालयको चलानी नं. १७६४ मिति २०८०/११/०३ मा नगरप्रमुख, नगर उपप्रमुखलाई रकम असूलीको लागि नगरपालिकाबाट निर्णय गराई सहजीकरण गराईदिनुहुन जानकारी गराएको र २०८०/१२/२५ मा ठेक्का सकारकर्तालाई ७ दिनको म्याद दिई राजस्व दाखिला गर्न पत्राचार गरेकोमा रकम प्राप्त गरेको देखिएन । त्यसैले नगरपालिकाका जिम्मेवार पदाधिकारीले समेत पहल गरी सकारकर्तासँग असूल गरी दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,०३,१३७.५ |

५० **ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको शुल्क सम्बन्धमा :**

गौशाला नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क सकंलन गर्न छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्नको लागि गौशाला नगरसभाले आर्थिक ऐन, २०८० स्वीकृत गरेको छ ।आर्थिक ऐन, २०८० को दफा १७ मा नगरपालिका क्षेत्र भित्र सोही ऐंनको अनुसूची १३ बमोजिम गिट्टी, ढुङ्गा, वालुवा, दहत्तर बहत्तर प्रति घनमिटर रु.२००।- माटो प्रति घनमिटर रु. २००।– का दरले रोयल्टी शुल्क लाग्ने उल्लेख छ । निम्नानुसार खोला तथा घाटहरुमा उत्खनन् गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन Initial Environment Examination (IEE) बाट देहायबमोजिम उत्खनन गर्न सकिने परिमाण उल्लेख गरेको छ । नगरपालिकाबाट प्राप्त विवरण बमोजिम निम्नानुसार वार्षिक उत्खनन गर्न र रोयल्टी शुल्क नगरपालिकाको आर्थिक ऐनले तोके अनुसारको दरले रोयल्टी प्राप्त हुन सक्ने अवस्थामा ती खोला, घाटहरुमा ठेक्का नलागेको उल्लेख गरेबाट नगरपालिकाले उक्त प्राकृतिक श्रोतबाट प्राप्त हुन सक्ने आम्दानी प्राप्त गर्न नसकेकोले रीतपूर्वक ठेक्का वन्दोवस्त गरी आय आर्जन गर्नुपर्ने देखिन्छ।

| खोलाको नाम | घाट | प्रारामि्भक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार उत्खनन हुन सक्ने वार्षिक परिमाण | नगरपालिकाले तोकेअनुसारको दर (प्रति घ.मि.) | प्राप्त हुन सक्ने न्यूनतम रकम रु |
|---|---|---|---|---|
| बाँके खोला | लक्ष्मीनिया घाट वडा नं.१२(क), १२(ख),१२(ग), १२(घ) | ८१,००० घ.मि. | रु. २००।- | रु. १,६२,००,०००।- |
| सोती नदि | वडा नं. ०८ उत्खनन क्षेत्र(१, २, ३, ४) | ७९,३३९ घ.मि. | रु. २००।- | रु. १,५८,६७,८००।- |
| मरहा नदि | वडा नं. १० उत्खनन क्षेत्र(१, २, ३, ४) | ८०,५३२ घ.मि. | रु. २००।- | रु. १,६१,०६,४००।- |
| (दैनिक २९८.४८ घ.मि. ले IEE प्रतिवेदन अनुसार १५० दिनको मात्र उत्खनन हुन सक्ने आधारमा) | | | | |
| जम्मा | रु. ४,८१,७४,२००।०० | | | |

उपयुक्त सम्बन्धमा गौशाला नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का वन्दोवस्त गर्ने कार्यविधि, २०७६ को बुँदा नं. (३)३ मा स्थानीय तहले सामान्यतया आर्थिक वर्षको शुरु हुनुभन्दा अगाडी नै ठेक्का वन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले आर्थिक वर्ष शुरु हुनुभन्दा अगाडी नै ठेक्का वन्दोवस्त गरी ठेक्का सम्झौता कार्यसम्पन्न नगरेको र प्रतिस्पर्धात्मक

खरिद विधि अवलम्बन गरि ठेक्का बन्दोवस्त गरी नगरपालिकाले आय आर्जन गर्नुपर्दछ भने ठेक्का लाग्न नसकेको अवस्थामा निकासी कर असूली गरि आन्तरिक आयमा वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५१ **मूल्य अभिवृद्धि कर :**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) बमोजिम मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने उल्लेख छ ।नगरपालिकाले गौशाला बजार वडा नं. ५ मा गोरु, खसी र खुद्रा बजारबाट आय संकलन ठेक्का वन्दोवस्त गर्ने सूचना अनुसार वार्षिक न्यूनतम रु. १,४०,००,०००।– ठेक्का अकं कायम गरि पर्न आएका ३ बोलपत्र मध्ये सबैभन्दा बढि कबोल गर्ने आर्दश कन्स्ट्रक्सन, धनगढी -४ कैलालीको रु. १,५५,२५,५९५ को बोलपत्र स्वीकृत गरेकोमा बोलपत्रको सूचना तथा सम्झौतामा मूल्य अभिवृद्धि कर सम्बन्धमा उल्लेख नगरेको र बोलकबोल कर्ताले बोलपत्र पेश गरेको फाराममा मूल्य अभिवृद्धि कर बाहेक भनि कैफियत महलमा जनाएको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐनको दफा १५(३)बमोजिम मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असूल गर्ने उल्लेख गरेकोले मूल्य अभिवृद्धि कर नलाग्ने प्रमाण पेश गर्ने अन्यथा मूल्य अभिवृद्धि कर असुल गरी दाखिला हुनुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ५१.१ | आर्दश कन्स्ट्रक्सन, धनगढी -४ कैलाली | २,०१८,३२७.३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,१८,३२७.३५ |

५२ **सुखलहिया पोखरी ठेक्का :**

आन्तरिक आय सकंलन ठेक्का वन्दोवस्त गर्ने सम्बन्धि कार्यविधि, २०७६ को बुँदा नं. ३(३) मा स्थानीय तहले सामान्यतया आर्थिक वर्ष सुरु हुनु अगावै ठेक्का वन्दोवस्त गर्नेपर्ने उल्लेख छ । गौशाला नगरपालिका- १ मा सुखलहिया पोखरी ठेक्का लगाई आय संकलन गर्न परेको ठेक्का बन्दोवस्त गर्ने कार्यको बोलपत्रको पूर्णता एवं कानूनी ग्राहयताको परीक्षणमा पूर्ण रहेको ३ वटा बोलपत्रमध्ये प्रथम बढी कबोल गर्ने रविन्द्र साह गौशाला न.पा. -१ को कबोल अकं रु.१०,०२,०००।- को बोलपत्र २०८०/११/१३ मा स्वीकृत गरी निजलाई २०८०/११/२७ मा च.नं. २१०६ बाट पत्र लेखिएकोमा सम्झौता गर्न नआएकोले निजले धरौटी राखेको रु. ५०,१००।- जफत गरेको देखियो । जफत गरेको धरौटी रकम स्थानिय संचित कोषमा दाखिला गर्नुपर्नेमा दाखिला गरेको छैन । गौशाला नगरपालिकाको आन्तरिक आय सकंलन ठेक्का वन्दोवस्त गर्ने सम्बन्धी कार्यविधि, २०७६ को बुँदा नं. ५ मा पट्टा दिने र कबुलियत गराउने सम्बन्धि व्यवस्था छ। बुँदा नं. ५(३) मा प्रथम बढिवालाले कबुलियत नगरेमा वा सम्झौता गर्न नआएमा निजको जमानत जफत गरेपछिको दोश्रो, तेश्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिनुपर्ने उल्लेख छ ।तसर्थ, बोलपत्र ग्राहयताको पूर्णता प्राप्त गरेका दोश्रो बढिवाला शिवराज क्षेत्री गौशाला नगरपालिका – १ को रु. १०,०१,०००।– कबोल अकंको ठेक्का स्वीकृत गर्नुपर्नेमा नियमानुसार दोश्रो बढिवालासंग पट्टा कबुलियत एवं चलनपूर्जि नदिएबाट रु.१०,०१,०००।– आन्तरिक आम्दानी घटी भएको सम्बन्धमा छलफल हुँदा पोखरी ठेक्कामा प्रतिस्पर्धा गर्न गराउन कठिन भएको, दोस्रो वालालाई बैंक जमानत वा धन जमानी लिई आउन पत्राचार समेत गरेकोमा नआएकोले दोस्रोसँग पट्टा कबुलियत हुन नसकेको, उक्त प्रकृया पुरा गर्दा यो वर्षको ठेक्का अवधि समेत करिव समाप्त भइसकेको नगर प्रमुख समेतको उपस्थितिमा छलफल हुँदा कार्यालयले जानकारी दिएको छ । यसरी कार्यविधिको व्यवस्था अनुसार दोश्रो बढिवालाको वोलपत्र स्वीकृत गरि पट्टा कवुलियत नगर्दा रु.१,००१,०००।०० राजस्व प्राप्त हुन सकेन । यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५३ **ठे.नं. ३/०८०/८१ पुरानो बजार पोखरी कान्ती बजार (वडा नं.१२) :**

उक्त पोखरी ठेक्का वन्दोवस्त गर्नको लागि २,०२,५००।– मा न्यूनतम कबोल अकं कायम गरी प्रथम पटक पोखरी ठेक्का वन्दोवस्त गर्नको लागि सूचना प्रकाशन भएकोमा बोलपत्र नपरेको जनाएको छ । नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का वन्दोवस्त गर्ने सम्बन्धित कार्यविधि, २०७६ को बुँदा नं. १२ मा प्रथम पटक बोलपत्र आवहान गर्दा बोलपत्र पर्न नआएमा वा रीतपूर्वकको एउटा पनि बोलपत्र नपरेमा दोश्रो पटक सूचना प्रकाशन गर्नुपर्नेमा सूचना प्रकाशन गरेको प्रमाण पेश भएन । नगरपालिकाको ठेक्का वन्दोवस्त सम्बन्धि कार्यविधि, २०७६ को बुँदा नं. ३ (३) मा स्थानिय तहले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगावै ठेक्का वन्दोवस्त गर्नुपर्ने

उल्लेख छ । ठेक्का वन्दोवस्त नभएपछि पालिकाले अमानतबाट समेत आम्दानी प्राप्त गर्न सकेको देखिएन । तसर्थ नगरपालिकाले आफ्नो स्रोत र सम्पत्तिको परिचालन गरि आय वृद्धि गर्ने कार्ययोजना समेत तर्जुमा गर्नुपर्ने देखिन्छ ।

५४ **ठे. नं. ४-०८०/०८१ वडेर्वा पोखरी (वडा नं. १०):**

उक्त पोखरीको लागि न्युनतम कबोल अकं २,८१,०७०।- प्रथम पटक २०८०/१०/२३ मा सूचना प्रकाशन भएकोमा कुनै पनि ठेक्का नपरेको जनाई दोश्रो पटक सूचना प्रकाशन गरेको देखिएन। नगरपालिकाको ठेक्का वन्दोवस्त सम्बन्धि कार्यविधि, २०७६ को बुँदा नं. ३ मा स्थानिय तहले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगावै ठेक्का वन्दोवस्त गर्नुपर्ने उल्लेख छ । ठेक्का वन्दोवस्त नभएपछि पालिकाले अमानतबाट समेत आम्दानी प्राप्त गर्न सकेको देखिएन । तसर्थ नगरपालिकाले आफ्नो स्रोत र सम्पत्तिको परिचालन गरि आय वृद्धि गर्ने कार्ययोजना समेत तर्जुमा गर्नुपर्ने देखिन्छ ।

५५ **राजस्व दाखिला:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन व्यवस्था छ ।पालिका अन्तर्गतका विभिन्न वडाहरुबाट आम्दानी भएको राजस्व रकम पाक्षिक वा मासिक रुपमा मात्र बैंक दाखिला गर्ने गरेको देखिन्छ । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । निम्न वडाबाट आम्दानी भएको राजस्व रकम भन्दा घटी दाखिला भएकोले सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| वडा नं. | जिम्मेवार कर्मचारी | असूली रकम | दाखिला रकम | दाखिला गर्न बाकी रकम |
|---|---|---|---|---|
| ८ | राम नरेश यादव | ५,०९,०२४ | ३,८४,३२७ | १,२४,६९७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२४,६९७ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिनभित्र खर्च प्रमाणित गर्न आवस्यक बील भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सातदिनभित्र पेश्की फछ्यौंट गर्नुपर्ने र ढिलो गरेकोमा नियम ५१ बमोजिम १० प्रतिशतका दरले व्याज असुली गरी पेश्की फछ्यौंट गर्नुपर्ने साथै सोही नियमावलीको नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २११ अनुसार गत वर्षसम्मको पेश्की रु ६८०१६४०८।०१ बाँकी देखिएको छ भने यस वर्ष म्याद ननाघेको पेश्की रु ७०४१५००।०० तथा म्याद नाघेको पेश्की रु ३५३६५२७६।०८ समेत कुल पेश्की रु ११०४२३१८४।०९ बाँकी देखिएको छ ।गत विगत वर्षदेखिको पेश्कीको एकीकृत अभिलेख व्यवस्थित गरी यो वर्ष दिएको म्याद नाघेको पेश्की रु. ३५३६५२७६।०८ नियमानुसार फछ्यौंट गर्नुपर्ने रु.......... | 35365276.08 |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| क्र.सं. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्कीको विवरण | चालु आ. व. | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | | | | |
| १ | महेन्द्र यादव ग्वार | धर्म संस्कृति प्रवर्द्धन तथा कार्यक्रम | - | 80,000.00 |
| जम्मा | | | - | 80,000.00 |
| २ | | | | |
| २० | सुनम परियार | आमा सुरक्षा र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | - | 70,000.00 |
| २१ | रंजित कुमार बर्मा | भ्रमण खर्च कर्मचारी | - | 25,000.00 |
| २२ | जनक बहादुर लुङ्गेली | अध्ययन अवलोकन भ्रमण | - | 150,000.00 |
| जम्मा | | | - | 245,000.00 |
| ३ | | | | |
| ९ | सुहानी निमार्ण सेवा प्रा.लि. | श्री रा.मा.बि कान्तिबजार गौशाला-१२ मा १२ कोठे भवन निर्माण | 2,190,000.00 | - |
| १० | सुहानी निमार्ण सेवा प्रा.लि. | श्री जनता आ. वि.(०-८) कनकपुर बिषहरपुर गौशाला-९ १२ कोठे भवन निर्माण | 2,270,000.00 | - |
| ११ | बि.पि. । रालुका जे.भि. | श्री रा.आ.वि. जमुनिया गौशाला-०७ मा ९ कोठे भवन निर्माण | 1,905,000.00 | - |
| १२ | मातापूर्णा गिरी कन्स्ट्रक्शन | वडा कार्यालय भवन निर्माण | 676,500.00 | - |
| जम्मा | | | 7,041,500.00 | - |
| ४ | | | | |
| १२ | गौशाला बहुमुखि क्याम्पस गौशाला ०५ | गौशाला बहुमुखी क्याम्पस संचालन तथा व्यवस्थापन | - | 1,228,000.00 |
| १३ | कान्तिबजार राष्ट्रिय क्याम्पस गौशाल | कान्तिबजार बहुमुखी क्याम्पस संचालन | - | 800,000.00 |
| १४ | नेपाल बिधुत प्राधिकरण गौशाला | गौशाला नगरपालिका वडा १ देखि १२ सम्म न्यू TOD मिटर जडान | - | 1,958,715.05 |
| १५ | नेपाल विधुत प्राधिकरण | कृषिको लागि पोलतार जडान | - | 896,857.00 |

| क्र.सं. | | | | बेरुजुको विवरण | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | १६ | नेपाल बिधुत प्राधिकरण गौशाला | कृषि सिंचा्इ विद्युतिकरण | - | 55,000.00 | | |
| | | १७ | नेपाल बिधुत प्राधिकरण गौशाला | कृषि विधुतिकरण | - | 14,945,000.00 | | |
| | | १८ | नेपाल विधुत प्राधिकरण | मन्हर्वाको कृषि सडकमा पोल तार जडान | - | 996,704.03 | | |
| | | जम्मा | | | - | 20,880,276.08 | | |
| | | ५ | | | | | | |
| | | १९ | स्वास्थ्य चौकी निगौल गौशाला ०२ | स्वास्थ्य सस्था संचालन खर्च | - | 50,000.00 | | |
| | | २० | स्वास्थ्य चौकी फुल्काहा गौशाला ०६ | स्वास्थ्य सस्था संचालन खर्च | - | 50,000.00 | | |
| | | २१ | आधारभुत स्वास्थ्य चौकी गौशाला ०३ | स्वास्थ्य सस्था संचालन खर्च | - | 30,000.00 | | |
| | | २२ | स्वास्थ्य चौकी बेलगाछी गौशाला ०८ | स्वास्थ्य सस्था संचालन खर्च | - | 50,000.00 | | |
| | | २३ | स्वास्थ्य चौकी रामनगर गौशाला ०१ | स्वास्थ्य सस्था संचालन खर्च | - | 50,000.00 | | |
| | | २४ | आधारभुत स्वास्थ्य चौकी गौशाला ०९ | स्वास्थ्य सस्था संचालन खर्च | - | 30,000.00 | | |
| | | २५ | आधारभुत स्वास्थ्य चौकी गौशाला ०५ | स्वास्थ्य सस्था संचालन खर्च | - | 30,000.00 | | |
| | | २६ | आधारभुत स्वास्थ्य चौकी गौशाला १० | स्वास्थ्य सस्था संचालन खर्च | - | 30,000.00 | | |
| | | २७ | श्री त्रिभुवन मा.वि.गौशालाबजार. | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान | - | 2,100,000.00 | | |
| | | २८ | श्री त्रिभुवन मा.वि.गौशालाबजार. | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान | - | 540,000.00 | | |
| | | २९ | श्री त्रिभुवन मा.वि.गौशालाबजार. | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान | - | 6,700,000.00 | | |
| | | ३० | श्री त्रिभुवन | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण | - | 3,900,000.00 | | |

| क्र.सं. | | | बेरुजुको विवरण | | | रकम |
|---|---|---|---|---|---|---|
| | | मा.वि.गौशालाबजार. | एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | | | |
| | ३१ | श्री त्रिभुवन मा.वि.गौशालाबजार. | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | - | 600,000.00 | |
| | जम्मा | | | - | 14,160,000.00 | |
| | कुल जम्मा | | | 7,041,500.00 | 35,365,276.08 | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गौशाला नगरपालिका, महोत्तरी , गौशाला नगरपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | shambhu Thakur | २०८०-६-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सोनेलाल राय | २०८१-१-२३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,८२८,९५७.४४ | ४,१४९,९०७ | ४२,२५०,५९८.३३ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५३,२२९,४६२.७७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १३६,१६५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ३५,३६५,२७६.०८ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ८८,४५८,५७३.८५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २७९४५१६१५.५७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३८५९६३५० | चालु खर्च | ४२४२२३७५९.९३ |
| प्रदेश सरकारबाट अनुदान | १४८८३००० | पूँजीगत खर्च | २१९३०९९७१.५४ |
| राजश्व बाँडफाँट | १६२१२४११९.११ | वित्तीय/अन्य व्यवस्था | ३२९८३७०४४.५५ |
| आन्तरिक आय | ५५०९२५५७.८७ | | |
| अन्य आय | २९४३६०८८०.२२ | | |
| कुल आय | ९६५०५६९०७.२ | कुल खर्च | ९७३३७०७७६.०२ |
| बाँकी मौज्दात | | २७११३७७४६.७५ | |

## बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि नं | भुक्तानी पाउने | भ्याट/प्यान | कामको विवरण | रकम |
| --- | --- | --- | --- | --- |
| १ | गुडविल जेनरल अर्डर सप्लायर्स | 611678229 | फर्निचर खरिद | 806,422.00 |
| २ | महारनी सः मिल | 304212215 | फर्निचर खरिद | 293,061.00 |
| ४ | श्री अर्जुन ट्रेडर्स | 620637356 | फर्निचर खरिद | 468,316.00 |
| ५ | शिवम कन्सट्रक्सन | 607348811 | नाला निर्माण | 241,961.94 |
| ६ | एस.एस.एल. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | 610062153 | नाला निर्माण | 984,999.91 |
| ७ | अभि निर्माण सेवा | 602289397 | नाला निर्माण | 716,096.00 |
| ८ | आर.के.कन्सट्रकसन | 607159541 | नाला निर्माण | 920,000.00 |
| ९ | जे.डी. निर्माण सेवा प्रा.लि | 610451249 | नाला निर्माण | 762,559.00 |
| १० | निधीवन कन्स्ट्रक्सन प्रा.लि. | 606758884 | नाला निर्माण | 960,228.00 |
| ११ | निर्मल कन्स्ट्रक्सन | 117438967 | नाला निर्माण | 660,811.95 |
| १२ | ब्लुस्फेयर कन्सट्रक्सन एण्ड सप्लायर्स | 610404111 | नाला निर्माण | 478,830.72 |
| १३ | भाग्य सुनिल कन्स्ट्रक्सन प्रा.लि. | 610205893 | नाला निर्माण | 464,279.33 |
| १४ | आर आर ट्रेडीङ्ग एण्ड सप्लायर्स | 617571715 | कम्प्युटर प्रिन्टर खरिद | 200,000.00 |
| १५ | बिराट कम्प्युटर एण्ड इलेक्ट्रिोनक्स | 608185088 | कम्प्युटर खरिद | 836,042.00 |
| १६ | एक्सप्रेस कम्प्यूटिङ प्रा. लि. | 601889736 | कम्पुटर प्रिन्टर खरिद | 797,328.00 |
| १७ | प्रज्वल कन्सट्रकसन | 614508028 | अधुरो भवन तथा कम्पाउण्ड वाल निर्माण | 541,872.67 |
| १८ | एस.जि. कन्सट्रक्सन | 606382674 | अधुरो भवन तथा कम्पाउण्ड वाल निर्माण | 921,289.74 |
| १९ | युवराज प्रोपर्टी डिलर्स एण्ड सप्लायर्स प्रा लि | 610010242 | अधुरो भवन तथा कम्पाउण्ड वाल निर्माण | 960,960.90 |
| २० | क्षिरेश्वर कन्ट्रकसन | 604118505 | अधुरो भवन तथा कम्पाउण्ड वाल निर्माण | 445,000.00 |
| २१ | लक्ष्मी नरसिम्हा कन्स्ट्रक्सन प्रा. लि. | 610326464 | अधुरो भवन तथा कम्पाउण्ड वाल निर्माण | 952,098.00 |
| २२ | रिलायन्स बिल्डर्स | 606428622 | ब्लक लगाउने कार्य | 277,619.00 |
| २३ | गरिमा निर्माण सेवा | 612843912 | बाउन्ड्री वाल निर्माण | 387,000.00 |
| २४ | भगत ग्रुप अफ कन्स्ट्रक्सन प्रा. लि. | 606618384 | भबन निर्माण | 759,115.00 |
| २५ | सुप्रिम एलाइड कन्स्ट्रक्सन एण्ड सप्लायर्स | 610402173 | भबन निर्माण | 667,199.00 |
| २६ | कृष्णा कन्स्ट्रक्सन | 618243462 | भवन निर्माण | 938,000.00 |
| | | | | 755,000.00 |

| | | | | |
|---|---|---|---|---|
| २७ | मुनाल एण्ड उत्सव निर्माण सेवा | ६१९७४०३२६ | भवन निर्माण | |
| २८ | गुगल कन्सट्रकसन | 607492538 | मन्दिर निर्माण | 783,152.00 |
| २९ | आदर्श निर्माण सेवा | 608964504 | मन्दिर मर्मत सम्भार | 980,538.67 |
| ३० | अनिस कन्स्टक्सन | 305549008 | सडक ग्रावेल | 562,276.00 |
| ३१ | स्टिल बिल्डर्स प्रा. लि. | 609822551 | सडक ग्रावेल | 752,480.00 |
| ३२ | आदित्य निर्माण सेवा | 617428930 | सडक ढलान | 308,878.00 |
| ३३ | एच.एस.के.कन्स्ट्रक्सन एण्ड सप्लायर्स | 610412057 | सडक ढलान | 424,300.00 |
| ३४ | क्षिरेश्वर कन्ट्रकसन | 604118505 | सडक ढलान | 461,939.00 |
| ३५ | जलेश्वर नाथ निर्माण सेवा | 601416554 | सडक ढलान | 488,628.00 |
| ३६ | जि.के. निर्माण सेवा | 619674324 | सडक ढलान | 963,777.96 |
| ३७ | जे. के. विल्डर प्रा. लि. | 610417155 | सडक ढलान | 690,211.00 |
| ३८ | तिरुपती वालाजी निर्माण सेवा प्रा.लि. | 610065374 | सडक ढलान | 874,733.00 |
| ३९ | दिव्यान्सु विल्डर्स | 605242843 | सडक ढलान | 684,855.33 |
| ४० | धनुषा निर्माण सेबा | 300194966 | सडक ढलान | 755,485.00 |
| ४१ | धर्मेन्द्र निर्माण सेवा | ६११७४७५८७ | सडक ढलान | 830,000.00 |
| ४२ | महतो बिल्डर्स प्रा. लि. | 610074091 | सडक ढलान | 338,803.00 |
| ४३ | महोत्तरी इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा0 लि0 | 609548945 | सडक ढलान | 906,114.00 |
| ४४ | शिवा कन्स्ट्रक्सन | 612215384 | सडक ढलान | 196,261.00 |
| ४५ | सीकेन्द्र एण्ड ब्रदर्स कन्स्टृक्सन प्रा. लि. | 609947452 | सडक ढलान | 660,032.00 |
| ४६ | कृष्ण निर्माण सेवा | ३०४९६७८०१ | सडक निर्माण | 693,000.00 |
| ४७ | क्यापिटल मेडीसर्ज सप्लायर्स | 612768589 | सर्जिकल सामग्री खरिद | 936,116.00 |
| ४८ | दिव्य सर्जिकल सेन्टर | 126476220 | सर्जिकल सामग्री खरिद | 705,570.00 |
| ४९ | न्यू सुरेन्द्र ट्रेड सेन्टर | 614170168 | सर्जिकल सामग्री खरिद | 936,120.00 |
| ५० | हरि उं ईन्टरप्राइजेज | 604967392 | सर्जिकल सामग्री खरिद | 296,060.00 |
| ५१ | एस आर विल्डर्स कन्सलटेंसी एण्ड सप्लायर्स | 618904615 | ह्यान्ड पाईप जडान | 938,879.33 |
| ५२ | एस.आर.कन्सलटेन्सी | 607449428 | ह्यान्ड पाईप जडान | 373,457.00 |
| ५३ | जैसी सोना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ६१०४९८८४० | ह्यान्ड पाईप जडान | 911,754.00 |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | | 34,649,510.45 |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।